# अध्याय १

# परिचय

**१.१.अध्ययनको पृष्ठभूमी :**

नेपाल एउटा फरक प्रकारको भौगोलिक स्थिति भएको देश हो । जसलाई वृहत रुपमा तीन ओटा पर्यावरणिय क्षेत्रमा विभाजन गरिएको छ । हिमाल, पहाड र तराई । यि क्षेत्रमा विभिन्न जातजातिका मानिसहरु बसोबास गर्छन । यहाँ विभिन्न जातिय समुह रहेको छ जुन पौराणिक कालदेखि नै अस्तित्व कायम राखि समाजमा बसोबास गर्दै आएका छन् । विशेष गरि यहाँ विभिन्न जातिय समुहहरु छन् । प्रमुख जातिय समुहहरु भित्र ब्राम्ह्ण, क्षत्री आदि पर्दछन् भने राई, लिम्बु, गुरुङ ,मगर, थारु, तामाङ, सन्थाल, दनुवार, राजवंशी, माझी, कुसुन्डा र चेपाङ आदी जनजाति भित्र पर्दछन् । समय स्थानान्तरणको अवस्थामा पनि दनुवार, सुनुवार र चेपाङ भने पीछडिएको चरणमै हुनु जनजाति समुहको बेफाईदाको कुरा हो । नेपालमा आदिवासीजनजाति उत्थान राष्टिय प्रतिष्ठान ऐन २०५८ आए पश्चात त्यसले नेपालमा पहिलो पल्ट आदिबासी जनजातिको पहिचान र मान्यता प्रदान गरिएको हो । जसअनुसार नेपालमा हाल ५९ वटा जातीय समुदायहरु आदिवासी जनजातिका रुपमा बसोबास गरिहेका छन् ।

यसवारे,

आइ.एल.ओ १६९ को निर्देशिकाको अनुसार :

*" १,ऐतिहासिक निरन्तरता (आधुनिक राज्य बन्नु अघिको) २. भौगोलिक सम्बद्धता, जहाँ उनका पूर्खाहरु रहेका थिए । र, ३, भिन्न सामाजिक, आर्थिक, साँस्कृतिक एवं राजनैतिक संस्थाहरु ।"*

*बिशेष त माथिको विश्लेषण बाट आदिवासी हुनका लागि ३ तत्व आवश्यक पर्दछ :*

*-बाहुन क्षत्री र ठकुरीको भन्दा भिन्न भाषा, संस्कृति, लिखित वा अलिखित इतिहास र परम्परागत जीवन पद्दति हुनु अनिवार्य हुन्छ ।*

*-त्यस्तो समुदायको ऐतिहासिक थाकथलो भएको हुनु र सो आधुनिक राज्य निर्माण हुने क्रममा अतिक्रमित भएको हुनु अनिवार्य रहेकोछ ।*

*-वर्तमान अवस्थामा राज्यको मुलधार भन्दा बाहिर रहेको र उत्पीडन र बहिस्करणमा परेर सिमान्तकृत समुदायको अवस्था भोगिरहेको हुन आवश्यक छ ।* (के.त.वि, २०६८)

**आदिबासी/ जनजाति भनेर पहिचान गरिएका जाति**

तालिका (क)

| | | | | |
|---|---|---|---|---|
| किसान | कुमाल | कुशवाडिया | कुशुन्डा | गनगाई |
| गुरुङ्ग | चेपाङ | छन्त्याल | छैरोतन | जिरेल |
| झागड | डोल्पो | तडवे | थामी | तामाङ्ग |
| तीन गाउँले थकाली | तेप्केगोला | थकाली | दुरा | थारु |
| थुदान | दनुवार | दराई | फ्री | धनुक (राजवंशी) |
| धिमाल | नेवार | पहारी | भुजेल | वनकरिया |
| बरामी | बाह्रगाउँले | वोटे | मुगाली | भोटे |
| मगर | माझी | मार्फाली थकाली | राजवंशी (कोच) | मेचे (बोडो) |
| याक्खा | राई | राउटे | ल्होपा | राझी |
| लार्के | लिम्बु | लेप्चा | सन्थाल/सन्थाल | ल्होमी (शिङ्वासा) |
| वालुङ्ग | व्यासी | शेर्पा | तजपुरिया | सियार |
| सुनार | सुरेल हायु | घ्याल्पो | | |

स्रोतः आदिवासी जनजातिको अधिकार एवम् उपचार सम्बन्धी जानकारी पुस्तिका Pdf

**आदिवासी जनजातिको वर्गीकरण**

तालिका (ख)

| **वर्गीकरण** | **ज्नजाति** |
|---|---|
| लोपोन्मुख (१०) | कुशुन्डा, वनकरिया, राउटे, सुरेल, हायु, राझी, किसान, लाप्चे, मेचे, कुशवाडिया |
| अति सिमान्तकृत (१२) | माझी, सियार, ल्होमी (शिङ्सावा), थुदाम, धानुक, चेपाङ, सन्थाल ( सन्थाल), झागड, थार्मा, बोटे, दनुवार, बरामी |
| सिमान्तकृत (२०) | सुनुवार, थारु, तामाङ्ग, भुजेल, कुमाल, राजवंशी, गनगाई, धिमाल, भोटे, दराई, पहरी, तोक्पेगोला, डोल्पो, मुगाल, लार्के, ल्होपा, दुरा, वालुङ्ग, ताजपुरिया, फ्री |
| सुविधाविहिन (१५) | थाङ्वे, तीनगाउले, थकाली, १२ गाउँले थकाली, गुरुङ्ग, मगर, राई, लिम्बु, शेर्पा, याक्खा, छन्त्याल, जिरेल, व्यासी, होल्मो, मार्फाली थकाली, छैरोतन |
| उन्नत समूह | नेवार र थकाली |

स्रोत : केन्द्रिय तथ्याङ्क विभाग २०६८

**भौगोलिक क्षेत्र अनुसार जनजाति**

हिमाली क्षेत्र - बाह्रगाउँले, भुटिया, व्यासी, छैरोटन, डोल्पो, लार्के, ल्होमी (सिग्साबा) , ल्होपा, मार्फालीथकाली, मुगाली, शेर्पा, सियार, ताङ्बे, थकाली, थुदुम्, तीनगाउँले थकाली, तोप्केगोला र वालुङ ।

पहाडी क्षेत्र- वनकरिया, बरामो, भुजेल/घर्ती, चेपाङ, छन्त्याल, दुरा, गुरुङ, हायू, ह्योल्मो, जिरेल, कुशबाडिया, कुसुण्डा, लेप्चा, लिम्बु, मगर, नेवार, पहरी, फिरी, राई, सुनुवार, सुरेल, तामाङ, थामी र याक्खा ।

भित्री मधेश- बोटे, दनुवार, दराई, कुमाल, माझी, राजी र राउटे ।

तराई/मधेश- धानुक राजवंशी, धिमाल, गनगाई, झाँगड, किसान, मेचे, राजवंशी (कोचे), सन्थाल/सन्थाल, ताजपुरिया र थारु । **(स्रोत : के.त.वि, २०६८)**

आदिवासीजनजातिहरुलाई वर्गीकरण गर्दा विभिन्न ५ वटा समूहमा वर्गीकरण गरिएको छ । माथिको तथ्याङ्क केन्द्रीय तथ्याङ्क विभाग २०६८ बाट लिइएको हो । उत्त, तथ्याङ्कको वर्गीकरणको अति सिमान्तकृत जातिमा १२ वटा जातजातिलाई समावेश गरिएको छ । सन्थाल जातिलाई पनि त्यहि समावेश गरिएको छ । जनजातिहरु भित्र पनि सन्थाल (सतार) समुदाय अति सिमान्तकृत भित्र पर्दछ ।

संयुक्त राष्ट्र संघको परिभाषाअनुसार ;

"जनजाति भन्नाले त्यस ठाउँको आदिवासी रैथाने, जहाँ उसले मेहनत गरेर पसिना बगाएको हुन्छ, जहाँको कुनाकन्दरा, पाखापखेरा, वनजंगल, नदीनाला र खोला खोल्साहरु आफ्नो अनुकूल बनाएको हुन्छ,

त्यहाँको ढुङ्गा माटो र यावत् प्राकृतिक देनहरुसँग उ, जन्मेदेखि भ्याम्मिएको हुन्छ । अर्थात् ऊ त्यहाँको भूमिपुत्र हो । जसलाई जनजाति भनिन्छ ।"(जनजाति खबर, २०७५)

जनजाति भित्रै सन्थाल, कुसुन्डा र राउटेहरु पनि छन् । जसले आफ्नो जिवनशैलि अन्य जातिय समुदाय भन्दा फरक किसिमले निर्माण गरेका छन् । अहिलेको समाज आधुनिक चरणमा प्रवाह भइरहेको अवस्थामा पनि सन्थाल जातिको जिवनशैलि आदीम समाजको चरण वा भनौं पुरानै शैलिमा जिवनयापन गर्दै आएको पाईन्छ । नेपालमा धेरै संख्यामा जाति/जनजाति समुहहरु रहेका छन् । नेपालको २०६८ को जनगणनाको रिपोर्ट तालिकामा ५९ ओटा जनजातिको समुह देखिएको थियो । सन्थाल जाति पनि यहि समुह मध्ये एक हो । जसको वर्तमान शैक्षिक अवस्थाका समाजशास्त्रीय कारक तत्वहरु र त्यसमा आर्थिक क्षेत्रको प्रभाव बारे अनुसन्धानकर्ता द्वारा यहाँ अध्ययन गरिएको छ ।

### १.१.१ सन्थाल जातिको परिचय

पूर्वी नेपालको झापा मोरङ सुनसरी जिल्लाहरुमा परापूर्व कालदेखि स्थायी रुपमा बसोबास गर्ने 'सन्थाल' आफ्नो छुट्टै मौलिक पहिचान भएको जाति समुदाय हो । सन्थाल नेपाल सरकारद्वारा सुचिकृत ५९ आदिवासी जनजाति मध्ये एक हो । यस समुदायको छुट्टै आफ्नो संस्कृति, संस्कार, भेषभूषा, साहित्य, भाषालिपिले गर्दा साँस्कृतिक रुपमा धनी मानिन्छन् । यी कुराहरुले गर्दा महत्वपूर्ण स्थान ओगटेको छ । आफूलाई प्राकृतिक पुजारी मान्ने यो समुदाय सालको रुखलाई पवित्र मान्दछन् । "ठाकुर" समुदायको प्रमुख देवता मान्ने यो समुदायले पूजा गर्ने स्थानलाई मान्भिलथान र जाहेरथान भनिन्छ । उनीहरुको गाउँको मुखियालाई 'माझीहडाम' भन्दछन् । तीरधनुष यस जातिको प्रमुख हतियार मानिन्छ । यो जातिमा बाह्रवटा थर रहेका हुन्छन् । २०६८ को ज.ग अनुसार यो जातिको संख्या करिब ५२००० सरकारी तथ्याङ्क अनुसार रहेको छ । जम्मा जनसंख्या प्रतिशतको ०.१९% जनसंख्या सन्थालको रहेको छ । (स्रोत :के. त.वि )

सन्थाल आ.ज भित्र पर्ने समुदाय हो । यिनीहरु निकै मिहेनती र मिलनसार स्वभावका हुन्छन् । आफ्नै परिश्रमबाट जीवन गुजार्नुपर्छ भन्ने मान्यता भएका सन्थालहरु चोरी ठगी गर्नु पाप हो भन्ने सम्झिन्छन् । यस समुदायकाघरको बनौटको आधारमा नै सन्थालको घर छुटिन्छ । प्रायः यिनीहरुको घर पराल वा खरको छाएको एकैठाउँमा झुरुप्प परेर धेरै घर बसेका हुन्छन् । उनीहरुको परम्परा मान्यता अनुसार बाबरी फूल, बडहर, कदम जस्ता बोट विरुवा उनीहरुको घर आँगनमा लगाएका हुन्छन् ।

सन्थाल जातिको लिपिलाई ओलचिकी भनिन्छ । यो लिपी भारत सरकारबाट मान्यता प्राप्त लिपी हो । ओलको अर्थ लेख्नु र चिकी को अर्थ अक्षर हो । यस लिपीको सुरुवात पण्डित रघुनाथ मुर्मुले सन् १९२५ सालदेखि गरेका हुन् । यो लिपी बाँयाबाट दाँयातिर लेखिन्छ ।

सन्थाल समुहलाई सन्थाल समुदाय भनेर पनि चिनिन्छ । उनिहरुको अन्य समुदायको भन्दा भाषा, संस्कृति र जिवनशैलि फरक देखिन्छ । सन्थाल भाषा एउटा यस्तो भाषा हो जुन नेपालमा सन्थाल समुदाय भित्र मात्रै बोलिचालीको माध्यमबाट प्रयोगमा रहेको छ । यो जातिका मानिसहरु विशेषगरी काला रंगका हुन्छन् । उनिहरुसंग आफ्नै समुदायभित्र मात्रै मनाउने छुट्टै मुल संस्कृति रहेको हुन्छ । सन्थालहरु प्रायजसो उत्तर पुर्वि तराईमा बसोबास गर्दछन् । उनिहरुको जिवनशैलि हेर्दा विकासको मुख्यधारबाट वहिस्करण भएको जस्तो

देखिन्छ । विकासका आधारसंरचनाहरु नीर्माण हुँदै गर्दा सन्थाल समुदाय त्यसमा समावेश हुन सकिरहेका छैनन् । यसै क्रममा सन्थालहरुको समुदाय पनि लोप हुँदै गइरहेको अवस्था देखिन्छ । यस्ता लोपउन्मुख जातिहरुको अध्ययन गर्दा उनिहरुको समस्या, जिवनयापन गर्दा आइपरेका कठिनाईको पहिचान गरी उनिहरुलाई संरक्षण गर्न आवश्यक छ ।

**१.१.२ आयको परिभाषा**

आय भन्नाले श्रम गरे बापत पाउने ज्याला रुपैयाँ पैसा हो । जसको प्रयोग गरेर मानिसले आफ्नो दैनिक जिवनयापन सञ्चालन गर्नकोलागि आफ्नो आवश्यकताहरु परिपुर्ति गर्छन् । मानिसले बिभिन्न स्रोत बाट आयआर्जन गरी आफ्नो जिवन निर्वाह गरिरहेका हुन्छन् । नेपाल आर्थिक असमानता भएको देश हो । यहाँ मानिसहरु आफ्नो आय अनुसारको उपभोग गरिरहेका हुन्छन् ।

Kagan का अनुसार ;

*"आय भनेको पैसा अथवा केही वस्तु बराबरको मूल्य हो जुन व्यक्ति अथवा व्यवसायले प्राप्त गर्दछ । विनीमयमा प्रायजसो वस्तु अथवा सेवा अथवा पूँजीको लगानीबाट प्राप्त हुने वस्तु नै आय हो ।" ( Kagan,2020)*

जसको आय बढी छ उसको सन्तुलित खाना, उच्च किसिमको रहनसहन हुन्छ । त्यस्तै जसको आय कम छ उसको दैनिक जिवन कष्टकर हुनु स्वभाविक हो । फरक परिवेश, फरक भौगोलिक अबस्था भएको ठाउँमा कामको प्रकृति एकैनाश नभएकोले आय पनि फरक हुन्छ । शिक्षाको अभाव, निम्न आर्थिक अवस्था भएका कारणले गर्दा पनि मानिसको आयमा फरकपना देख्न सकिन्छ । सोहि कारण समाजमा वर्गको सृजना हुन्छ । अर्थको आधारमा नेपालमा विभिन्न वर्गहरु रहेका पाइन्छ । यसै वर्गहरु भित्र रहेको कुनै न कुनै वर्गमा सन्थाल जातिहरु पर्दछन् । उनीहरुको आय एकदमै निम्न स्तरको रहेको देखिन्छ । किनभने उनीहरुले सामान्य मजदुरी गरेर आय आर्जन गर्दछन् । जसले गर्दा उनीहरुको दैनिक जीवनयापनमा केहि हदसम्म कठिनाई भईरहेको अवस्था छ भन्न सकिन्छ । आर्थिक अभाव, चेतनाको अभाव, शिक्षाप्रतिको महत्व थाहा नभएको कारण यस समुदायका मानिस प्राय शिक्षित भेटिदैंनन् ।

**१.१.३ शिक्षाको परिभाषा :**

साधारण भाषामा शिक्षा भन्नाले आफुलाई सवल बनाउनको लागी, शिक्षीत बन्नको लागी, सहि गलत छुट्याउनको लागी लिइने ज्ञान हो ।

*" शिक्षा त्यस्तो अध्ययनको विषयको जसलाई विद्यालय वा विद्यालय जस्तै वातावरण भएको क्षेत्रबाट औपचारिक वा अनौपचारिक रुपबाट ग्रहण गरी सामाजिकीकरण गरिन्छ ।" (Shamsulhug.1969-71)*

ज्ञानले मानिसलाई प्राणीबाट मानव बनाउँछ, सहि चेतनाको बिकास गर्छ । शिक्षाको माध्यम अनौपचारिक र औपचारिक दुइ किसिमको हुन्छ । अनौपचारिक शिक्षा भन्नाले अक्षर चिन्नकोलागी बिभिन्न माध्यमबाट सिकाइ गरिने पद्वत्ति हो । जस्तैः प्रौढ शिक्षा, बालशिक्षा आदि । औपचारिक शिक्षाकोलागी विभिन्न सरकारी/प्राइभेट स्कुल/कलेजहरुको निर्माण भइरहेको हुन्छ । बच्चा जन्मिएर हुर्कदै गर्दा उसको पहिलो शिक्षा प्राप्त गर्ने ठाउँ उसको घर, समाज हो । दोस्रो औपचारिक स्कुल/कलेज हो । मानिस अन्य जिव भन्दा फरक

शिक्षाको कारणले नै भएको भन्ने स्पष्ट रुपमा बुझ्न सकिन्छ । त्यसैले चेतनशिल हुनको लागि ज्ञानको आवश्यकता पर्दछ । यति मात्र होईन अहिलेको २१ औं शताब्दिको आधूनिक युगमा जीवन व्यतित गर्नको लागि पनि शिक्षा अत्यावश्यक कुरा भएकाले गर्दा र शिक्षाले नै चेतनाको निर्माण गर्ने भएकाले, वर्तमान प्राविधिक युगमा शिक्षालाईृ जीवन सार्थक पार्ने एउटा अत्यन्तै महत्वपूर्ण आधारको रुपमा लिइन्छ ।

नेपालमा १२५ जातीय समूहछन् र १२३ भाषा बोलिन्छन् । सन् २०६८ को जनगणना अनुसार नेपालको कुल जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५ सय ४ मध्ये ६५.९ प्रतिशत मानिस साक्षर छन् । सबैभन्दा बढी साक्षर काठमाडौंमा ८६.३ प्रतिशत र सबैभन्दा कम रौतहटमा ४१.७ प्रतिशत छन् ।

हाम्रो देशमा दुई खाले शिक्षा निरन्तर जारी छ । सामुदायिक विद्यालयमा दिइने शिक्षा र निजी विद्यालयमा दिइने शिक्षामा धेरै अन्तर छ । मानिसले सामुदायिक विद्यालयको तुलनामा निजी विद्यालयमा दिइने शिक्षागुणात्मक छ भनिरहेका छन् । त्यसरी नै निजी कलेजमा दिइने शिक्षा भन्दा सरकारी लगानी भएको कलेजको शिक्षा कमजोर रहेको छ भन्ने गरिएको छ ।

प्राथमिक तहमा बालबालिकाको भर्ना कुलमा ९६.२ प्रतिशत, निम्न माध्यमिक तहमा ७४.६ प्रतिशत, आधारभूत तहमा ८७.६ प्रतिशत, माध्यमिक तहमा ५६.१ प्रतिशत र उच्च माध्यमिक तहमा १३.१ प्रतिशत पुगेको छ । दलितको प्राथमिक तहमा भर्ना कूलमा १९.९ प्रतिशत, निम्न मा.त मा १४.५ प्रतिशत, माध्यमिकतहमा ११ प्रतिशत र उच्च माध्यमिकमा ६.७ प्रतिशत रहेको छ ।

त्यसैगरी आदिवासीजनजातिका बालबालिकाको प्राथमिकतहमा भर्ना कुलमा ३३.९ प्रतिशत, निम्न माध्यमिकमा ३८.५ प्रतिशत, माध्यमिकमा ३८.६ प्रतिशत र उच्च माध्यमिकतहमा २९.८ प्रतिशत रहेको छ । केन्द्रिय तथ्यांक विभागको सन् २०६८ को रिपोर्ट अनुसार ५ देखि १६ वर्ष उमेरका जम्मा ७९ लाख ७८ हजार ९ सय १३ बालबालिका छन् । ती मध्ये १२.८ प्रतिशत बालबालिका विद्यालय बाहिर छन् अर्थात् विद्यालय पढ्न जादैनन् । यसमा धेरै जसो अवसरबाट वञ्चित (पिछडा) समुदायका बालबालिका छन् । (**के.त.वि, २०६८**)

### १.१.४ सन्थाल जातिहरुको आयको अवस्था :

सन्थाल समुदायका मानिसहरुको आर्थिक आय न्युन छ, उनिहरु बिभिन्न कारणले गर्दा गरिब छन्, जस्तै : राज्यको ध्यानमा नपर्नु, पछ्यौटेपना, अशिक्षा, पैत्रिक सम्पत्ति नहुनु आदी । ति मध्येको एउटा मुख्य कारण शिक्षाको अभाव नै हो । अशिक्षाकै कारण उनिहरुले सक्दा पनि र नसक्दा पनि शारिरीक श्रम गर्न बाध्य हुन्छन् । बौद्विक काम गर्नको लागी औपचाकि उच्च शिक्षा लिएका हुदैनन् । त्यसकारण उनिहरु शिक्षा बिना गर्न सक्ने श्रम गर्छन् । जस्तै : खेतिपाति, माछा मार्ने, घुङ्गी खोज्ने, मजदुरी, चियागानमा काम आदि । उनिहरु संग बचत गर्ने बानी हुँदैन, जति कमाएर ल्यायो खानपानमा खर्च हुन्छ । कारणबस काममा जान सकेनन् वा बिरामी परे भने बालबच्चा सानै हुन्छन् कमाउन जाने कोहि नहुँदा एक छाक पुर्‍याउन समेत समस्या हुन्छ । सन्थाल समुदायमा एउटै परिवारमा धेरै बालबच्चाहरु हुन्छन । यसै कारण बालबच्चाले अत्यावस्यक स्याहार सुसार पनि पाउदैनन् । तर यस समुदायका मानिसको मान्यता चाहिँ धेरै छोराछोरी हुदाँ भविष्यमा सबैले कमाएर ल्याउने र मिठो खान, राम्रो लाउन पुग्ने आशा राखेका हुन्छन् ।

**१.१.५ सन्थाल जातिको शिक्षाको अवस्था :**

यसरी शिक्षा यति धेरै अत्यावश्यक हुदाँ हुदैं पनि कतिपय समाजमा यसको अभाव खड्किरहेको हामी पाउन सक्छौं । नेपालको पूर्वी सिमाना झापा अन्य क्षेत्रभन्दा केहि हदसम्म विकशित मानिएता पनि उक्त क्षेत्रमा विपन्न न्युन आर्थिक अवस्था भएका, शिक्षाको कमी भएका सन्थाल जातिहरुको वसोवास रहेको छ ।

*“ केहि प्रकरणहरुमा, घर विध्यालय र समुदायको सामाजिक पूँजी उच्च रहेको पाइएको छ । तर घर विद्यालय र समुदायमा निम्न आर्थिक र सास्कृतिक पूँजी भएकाले विद्यार्थीहरुले आफ्नो अध्ययनलाई जारी राख्न सकिरहेका छैनन् ।*

*समग्र घर स्कुल, समुदाय, मैत्रीपूर्ण वा अनुकुल शिक्षा, विध्यार्थी र शिक्षक विचको उच्च अनुपातहरुमा कमी ,साथै शिक्षकहरुको वेवास्ता अप्रभावी मूल्याङ्कन प्रणाली, प्राथमिक विध्यालयबाट माध्यमिक विद्यालयहरुमा जाने, सामुदायीक स्कुलहरुमा गुणस्तरको कमी, अभिभावकहरुको शिक्षा प्रतिको दृष्टिकोण शिक्षा प्रति परिवारको उत्साहमा कमी आउनु , बच्चाहरुको शिक्षामा अभिभावकहरुको चेतनाको कमी, आदिवासी र अन्य समुदायहरु विच सामाजिक असमानता , गरिबी घरका कामहरुमा बच्चाहरु सम्मेलित हुनू विद्यालयमा कक्षाको पठनपाठनमा गुणस्तरको कमीले अनुर्तिण हुनु अप्रभावी विद्यालय व्यवस्थापन यी सबै तत्वहरु सन्थाल समुदायका वच्चाहरुको विद्यालय छोड्ने कारक तत्वहरु हुन् । ” (Chamalagain,2016)*

उक्त जातिका मानिसहरु प्राय शिक्षाको महत्वलाई वेवास्ता गर्ने प्रवृतिका छन् । सन्थाल जातिका बच्चाहरु अनौपचारिक शिक्षामा भएजस्तो सामान्य “क” “ख” चिन्न सक्ने कक्षा वा कक्षा १ देखी ९ सम्मको प्राथमिक / माध्यमिक शिक्षा मात्र सरकारी स्कुलमा गएर अध्ययन गर्ने गरेका छन् । तर विद्यालय गएपनि राम्रोसँग नपढ्ने ,पढाईको समयमा कक्षा कोठामा नबस्ने, अरुको घरमा काम गर्न रुचाउने, जस्ता क्रियाकलाप सन्थाल जातिका बालवालिकामा भेटिन्छन् । सन्थाल समुदायमा आजभन्दा केहि वर्ष अगाडि बच्चालाई स्कुल पढाउने चलन खासै थिएन । अन्य वरिपरि भएका समुदायको देखासेखी गरी विद्यालय पठाएता पनि पढाई प्रति अभिरुची गर्ने खालको चेतना नभएको कारण र स्कुल गए पनि ठिकै नगएपनि ठिकै भन्ने प्रवृतिको शिक्षा लिने अवस्थाले गर्दा सो समाजका बालबच्चा वयस्कहरुसँग सामान्य ज्ञान छ । तर राम्रो उच्च औपचारिक शिक्षा भने छैन । यस समुदायमा पारिवारिक सदस्यहरुको संख्या धेरै हुन्छ । किनकी जति छोराछोरी भए त्यति धेरै काम गर्छन् र पैसा कमाउँछन् भन्ने सोचाई राखेर छोराछोरी अत्याधिक रुपमा जन्माउने गरेको पाइन्छ । त्यहि पैसा कमाउने र आवश्यता परिपूर्ति गर्ने आशमा शिक्षालाई त्यति धेरै महत्व नदिएको देखिन्छ । उनीहरुले काम गरे वापत पाएको ज्यालाले घरका आधारभूत आवश्यकता पूरा गरी केहि मनोरञ्जनका कुराहरु जस्तै : दिनहूँ मासु, मादक पदार्थ जस्ता कुराहरु सेवन गरी आय लाई मनोरञ्जनको क्षेत्रमा प्रयोग गर्ने तर शिक्षाको क्षेत्रमा खर्च गर्न त्यति आवश्यक नठान्ने प्रवृति उनीहरुमा पाईन्छ ।

**१.२ समस्याको कथन :**

वर्तमान नेपाली समाजमा आयको केही हिस्सा अनिवार्य रूपमा शिक्षामा प्रयोग गर्ने परिपार्टी बढ्दो छ । उच्च आय भएका घरपरिवार हुन् वामध्यम, न्यूनआयभएका घरपरिवार जसले पनि शिक्षालाई महत्वदिने गरेको पाइन्छ । आधुनिक प्रविधिको विकास र नागरिकहरुको शिक्षाप्रतिको रूचिलेगर्दा शिक्षा प्राप्त गर्न हरेक व्यक्ति अगाडि बढ्ने गरेको देखिन्छ । जस्तोसुकै अवस्थामा पनि आफूले गरेको आम्दानी छोराछोरीको शिक्षादिक्षाका लागि लगानी गर्ने परिपार्टीले शिक्षाको महत्वका साथै आयलाई शिक्षाको क्षेत्रमा भएको प्रयोगबारे बुझ्न मद्दत गर्दछ ।

विभिन्न जातिय समुहहरु मध्ये सन्थाल जाति एक यस्तो समुह हो जुन विशेषगरी झापा, मोरङ मा मात्रै बसोबास गर्दछन् । उनिहरु धेरै गरिब भएको कारण गरिबीमा जन्म हुन्छ र गरिबीमै मृत्यु हुन्छ । बिशेषगरी अरुको खेतिपातीमा निर्भर रहने यो जातिका आफ्नो आवश्कता पुरा गर्न को लागी पर्याप्त आय आर्जनका स्रोत र साधनहरु रहेका छैनन् । यस समुदायमा शिक्षाको कमी भएका, स्वास्थ्यको क्षेत्रमा पहुँच कम भएका, पिछाडीएका, असाक्षरहरुको दर उच्च स्तरमा रहेको छ ।

यस अध्ययनले झापाको गरामनीमा बसोबास गर्ने सन्थाल जातिको शिक्षामा आर्थिक क्षेत्रको प्रभावलाई पहिचान गर्न विशेष जोड दिएको छ । केहि वर्ष पहिले राज्यको मुलधारमा आउन नसकेका कारण उनिहरु राज्यबाट प्राप्त हुने सेवा तथा सुविधाहरुबाट बञ्चित भएको देखिन्छ । हालैको अवस्थामा सो कुरामा थोरै परिवर्तन भइ उक्त समुहका व्यक्तिहरु उनिहरुको समुहको प्रतिनीधित्व गर्दै सरकारी पहुँचमा पुगेका छन् ।

वर्तमान समयमा कृषि पेशाको लागी विभिन्न आधुनिक उपकरणहरुको विकास भइसक्दा पनि सन्थालहरु कृषि समाजको सुरुवाती अवस्थामा भएको कृषि पद्धतिलाई नै प्रयोग गर्दै आएका छन् । उनीहरु आय आर्जन गर्नको लागि पुरानै सामाग्री हलो, कुटो, कोदालो, मानविय श्रमको प्रयोग गर्दछन् । त्यसकारण यसो हेर्दा उनीहरुको आयको प्रमुख स्रोत भनेको कृषि नै रहेको देखिन्छ । जसले गर्दा उनीहरुको आय स्तर पनिन्यून रहेको पाइन्छ । यस्तो सरल तरिका अपनाएर उत्पादन गरेको खाधान्नले गुजरा कसरी चलिरहेको छ भनि थाहा पाउन सकिएको छ । साथै कृषि बाहेक अन्य आयका लागी कस्ता पेशामा आबद्ध रहेका छन् भन्ने जानकारी पनि यस अनुसन्धानबाट प्राप्त भएको छ ।

अहिलेको समाजमा च्याउ उम्रीएसरी बिभिन्न शैक्षिक संस्थाहरु स्थापना भएता पनि किन सन्थाल जातिहरुमा शैक्षिक स्तर ज्यादै न्युन रहेको छ । यसरी शैक्षिक स्तर न्युन रहनुमा शिक्षालाई प्रभावपार्ने अन्य तत्वहरु जस्तै : सामाजिक, राजनैतिक, वातावरणीय आदि कुराहरुलाई यथावत् राख्दै आर्थिक अवस्थालाई प्राथमिकतादिएर आय र शिक्षाबीचको सम्बन्धलाई बुझ्नखोजिएको छ ।

के कारणले गर्दा सन्थाल जातिहरुको शैक्षीक स्तर जहाँको त्यहिँ छ, स्कुल भर्ना गरेको भए पनि स्कुलको पढाइ पुरा हुन पाउँदा नपाउँदै किन स्कुल छोड्छन् भनि यस अनुसन्धान मार्फत थाहा पाउने प्रयास गरिएको छ ।

सन्थाल जातिको वर्तमान शैक्षिक अवस्था कस्तो देखिन्छ ?

आर्थिक पक्षले सन्थाल जातिको शैक्षिक अवस्थालाई कसरी प्रभावित गरिरहेको देखिन्छ ?

### १.३ अध्ययनको उध्येश्य

समाजका हरेक एकाइ बिकासक्रममा अघि बढिरहँदा सन्थाल जातिको शिक्षामा आर्थिक क्षेत्रले कस्तो प्रभाव पारेको छ, अघि बढ्दै छ कि पुर्वास्थामा नै छ भनि हेर्ने यस अनुसन्धानको उधेश्य रहेको थियो ।

#### १.३.१ सामान्य उधेश्य

- सन्थाल जातिहरुको आय र उनिहरुको शिक्षा बीचको सम्बन्ध पत्ता लगाउनु

#### १.३.२ बिशिष्टकृत उधेश्य

- सन्थालहरुको शिक्षाको अवस्था बारे बर्णन गर्नु,
- आर्थिक पक्षबाट सन्थाल जातिको शैक्षिक स्तरमा परेको प्रभाव पत्ता लगाउनु,

### १.४ अध्ययनको औचित्य :

परापुर्व काल देखि नै नेपालमा विभिन्न जातजातिहरुले विभिन्न स्थानमा बस्दै आइरहेको छन् । यहाँ बसोबास गर्ने कतिपय जातिहरु देश विकासका विविध पक्षमा अग्रसर भई राष्ट्र निर्माणमा जुटेका छन् भने कतिपय देशको कुना कन्दरामा अझै सम्म पनि लोपउन्मुख अवस्थामा रहेका छन् । त्यसैले यी कुराहरुलाई ध्यानमा राखेर पिछडिएका जातिको विविध पक्षहरुको खोजी गरेर प्रकाशमा ल्याउनु अनुसन्धानको महत्वपुर्ण पक्ष मानिन्छ ।

पुर्वी तराई क्षेत्रको झापा र मोरङ्ग जिल्लामा बस्ने विभिन्न जातिहरु मध्ये सन्थाल जाति पनि एक मानिन्छ । यी जातिको विषयमा विभिन्न विद्धानहरुले विभिन्न समयमा अध्ययन अनुसन्धान गरेको भएपनि झापा जिल्लामा आदिवासीको रुपमा बसोबास गर्दै आएका सन्थाल जातिको आय र शिक्षा बीचको सम्बन्धको बारेमा गहन रुपले अनुसन्धान भएको देखिदैन । त्यसैले दिनानुदिन निर्धन हुदैं गइरहेको यी जातिको आय र शिक्षा बीचको अध्ययन र अनुसन्धान गरी लोपोन्मुख रहेको यस जातिको संरक्षण गर्नु पनि त्यतिकै आवश्यक छ । सन्थाल जातिसँग नजिक भई सम्बन्धित क्षेत्रमै गएर वास्तविक तथ्याङ्क लिएको हुनाले सन्थाल जातिको उन्नतिका निम्ती नीति निर्माण गर्नमा यस अध्ययनले महत्वपुर्ण भुमिका खेल्नुका साथै आगामी दिनमा यी जाति सम्बन्धी अध्ययन अनुसन्धान गर्न चाहने जो कोहीका लागि पनि सहयोगी हुन सक्नेछ ।

### १.५ अध्ययनको संगठन :

अनुसन्धानको क्रममा सन्थाल जातिको शिक्षामा आर्थिक क्षेत्रको प्रभाव बारे खोजी गर्ने क्रममा उक्त अनुसन्धानलाई ५ वटा छुट्टाछुट्टै अध्यायमा विभाजन गरि प्रस्तुत गरिएको छ ।

पहिलो अध्यायको परिचय अन्तर्गत रहेर अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य र अध्ययनको संगठन बारे व्याख्या गरिएको छ ।

दोस्रो अध्यायमा साहित्यीक पुनर्समिक्षा , सम्बन्धित अध्ययनको शिर्षकहरुको व्याख्या र त्यससँग सम्बन्धित विभिन्न लेख/रचनाहरुको अध्ययनलाई समावेश गरिएको छ । त्यस्तै अवधारणाको रुपरेखा, अनुसन्धानको अन्तरलाई पनि दोस्रो अध्यायमा व्याख्या गरिएको छ ।

तेस्रो अध्याय अन्तर्गत अध्ययनको विधिहरुको चर्चा गरिएको छ । क्षेत्र चयनको औचित्यता, अध्ययनको ढाँचा, तथ्याङ्कको स्रोत र प्रकृति नमुना छनौट विधि, तथ्याङ्क संकलन विधि, तथ्याङ्क संकलन र विश्लेषणको प्रक्रिया तथा कार्यक्षेत्रको समयावधि बारे उक्त अध्यायमा व्याख्या गरिएको छ ।

अध्याय चारमा शीर्षक अन्तर्गतको तथ्याङ्क संकलन गरी व्याख्या तथा विश्लेषण गरिएको छ । जसमा विभिन्न तालिकाहरुको प्रयोग गरिएको छ । क्षेत्रगत अध्ययनबाट प्राप्त तथ्याङ्कहरुलाई व्याख्या र विश्लेषण गर्ने कार्यबाट शिर्षकको उद्देश्यर्लाइ पूरा गर्ने प्रयास गरिएको छ ।

अध्याय ५ मा सारांश र निष्कर्ष शिर्षक अन्तर्गत व्याख्या र विश्लेषणको सम्पूर्ण सारांश तथा अनुसन्धानको तथ्याङ्क विश्लेषणबाट प्राप्त निष्कर्षलाई राखिएको छ । जसबाट समग्र अनुसन्धानको प्रतिफल कस्तो छ भनी व्याख्या गरिएको छ ।

# अध्याय दुई

# साहित्यीक पुनरावलोकन

## २.१ सैद्दान्तिक साहित्यीक पुनरावलोकन :

समाजका विभिन्न सामाजिक संघसंस्थाहरु अन्तर्गत आयको क्षेत्र र शिक्षाको क्षेत्र पनि सामाजिक संगठनका अंगहरु हुन् भन्न सकिन्छ । तसर्थ समाजलाई गतिशील बनाउन समाजका यी अंगहरुले एकअर्काबीचमा सहयोग र समन्वय गर्दै अगाडि बढ्नु आवश्यक देखिन्छ । यस अध्ययनले समाजका यी दुई अंगहरु -शिक्षा र आय) बीचको सम्बन्धलाई केलाउँदै सन्थाल जातिहरुको जीवनस्तरमा आएको गतिशीलता र परिवर्तनलाई बुझ्ने प्रयास गरेको छ ।

प्रसिद्ध समाजशास्त्रीहरु दुर्खाइम, पार्सन, रेडाक्लिफ, ब्राउन आदिको "संरचनात्मक प्रकार्यवादी सिद्धान्त" लाई आधारमा राखेर यो अध्ययन पूरा गर्ने प्रयास गरिएको छ ।

टालकोट पार्सनका अनुसार *"समाजका विभिन्न संरचनाहरुले एकअर्कामा आधारित भएर र अन्तरसम्बन्धित भएर कार्य गर्दछन् ।" परिवर्तन स्वतस्फूर्त रुपमा हुने प्रक्रिया हो । समय क्रमसँग समाजको कुनै एक भागले काम गर्न नसकेको अवस्थामा त्यसलाई परिवर्तन गर्दै स्वतः अर्को क्षेत्र त्यसको प्रतिस्थापनमा आउँछ र समाज पुनः अगाडि बढ्छ भन्ने उनको मान्यता रहेको पाइन्छ*। (Gangwar, 2017)

दुखाईमका अनुसार;

"सामाजिक एकता २ प्रकारको हुने गर्दछ । जसमा यान्त्रीक एकता र जैविक एकता पर्दछन् ।"

**यान्त्रिक एकता :**

यस किसिमको समाजमा मानिसहरु समान भूमिकामा रहन्छ । सामान्य श्रम विभाजन रहेको हुन्छ । साझा मूल्य मान्यता र विश्वासका आधारमा समान जीवनयापन गरिरहेका हुन्छन् ।

**जैविक एकता :**

यस किसिमको एकता भएको समाजमा मानिसहरु विशिष्टकृत श्रम विभाजन रहेको पाइन्छ । सहरीकरणको प्रभाव बढ्दो किसिमको हुन्छ । छुट्टाछुट्टै पेशामा आबद्ध भएर एकले अर्कालाई सहयोग गर्दै समाज अगाडि बढ्दछ । (Gangwar, 2017)

माथिका सैद्धान्तिक विचारहरुलाई हेर्दा समाजलाई यान्धिक एकताबाट जैविक एकतामा रुपान्तरण हुनलाई समय सापेक्ष परिवर्तन हुँदै जानुपर्ने देखिन्छ । यो उद्‌विकाशवादी प्रकृतिको हुन्छ । तसर्थ हाम्रो अध्ययनको विषयलाई यस सिद्धान्तसँग जोड्दा आय र शिक्षाको क्षेत्र पनि समाज परिवर्तनका कारक तत्वहरु हुन तसर्थ समाजलाई गतिशील बनाउन र आय र शिक्षा दुवैको महत्व हुन्छ । यहि विषयलाई केलाउँदै सन्थाल जातिहरु अझैपनि यान्त्रिक एकता कायम भएको अवस्थामा रहनु, उनीहरुको आय, दैनिक जीवनयापन पद्धति, शिक्षा र

अन्य सामाजिक संगठनहरु जिम्मेवार रहेको देखिन्छ । त्यसैले यी सामाजिक संगठन भित्रपनि एकअर्का बीचको परिपूरक सम्बन्धलाई बुझ्न र व्याख्या गर्न यो अध्ययनको महत्व रहेको छ । सन्थाल जातिहरुको आय र शिक्षा बीचको सम्बन्धलाई केलाउँदै उनीहरुको जीवनस्तरमा आएको परिवर्तन बारे बुझ्न संरचनात्मक प्रकार्यवादी सिद्धान्तलाई आधारमा राखेर यस अध्ययनलाई पूर्णता दिइएको छ ।

### २.१.१ अनुभवजन्य साहित्यीक पुनरावलोकन :

सन्थाल जातिको शिक्षामा आर्थिक क्षेत्रको प्रभाव हेर्न संरचनात्मक प्रकार्यवादको सिद्धान्त प्रयोग गरिएको छ । किनकी यस सिद्धान्तले समाज संचालनको क्रममा रहेका सामाजिक संस्थाहरु जस्तै, सामाजिक प्रणाली अर्न्तगतका शिक्षा, स्वास्थ्य,आय आदि जस्ता विभिन्न सार्वजनिक संस्थाहरु मध्ये अन्यलाई तटस्थ राख्दै सन्थाल जातिहरुको आर्थिक क्षेत्रले उनीहरुको शिक्षामा कस्तो प्रभाव पारिरहेको छ भनि यस सिद्दान्त बाट हेर्न मद्दत पुग्दछ । त्यसका साथै यसबाट कुनै एउटा संस्थाको अनुपस्थिती रहेमा अन्य संस्थाहरुले त्यसलाई व्यवस्थापन गर्ने वा त्यसलाई प्रतिस्थापन गरी पुनः सामाजिक सन्तुलन कायम गर्छ भन्ने कुरालाई प्रष्ट पार्न जोड दिन्छ ।

विशेष गरी तराईको जनजातिको अध्ययन गर्ने क्रममा सबै भन्दा पहिले डोर बहादुर विष्टले सन् १९६७ मा सन्थाल लगायत बाह्रवटा जनजातिको अध्ययन गरी People of Nepal नामक ग्रन्थ प्रकाशित गरेका थिए । विष्टले प्रस्तुत पुस्तकमा सन्थाल जातिको बारेमा सामान्य वर्णनात्मक परिचय मात्र संक्षेपमा प्रस्तुत गरेको देखिन्छ । (विष्ट, १९६७)

अध्ययनकै क्रममा Charles McDougal पनि तराईका जातजातिको बारेमा अध्ययन गर्ने एक विद्वानको रुपमा मानिन्छन् । उनले लेखेको *Village and Household Economy in far Weastern Nepal* नामक ग्रन्थमा १९९८ मा पश्चिम तराईको थारु जति सम्बन्धी अध्ययन गरेर जनजातिको अध्ययनमा नयाँ आयाम प्रदान गर्न सफल भएको देखिन्छ । (Dougal, 1998)

सन् १९८४ मा एस आर यादबले *Nepal Feudalism and Rural Formation* मा तराईको पर्सामा मात्र सिमित रहेर अध्ययन तथा अनुसन्धान गरेको पाइन्छ । सो पुस्तकमा भारतीय उत्पति र तिब्बतीय बर्णनको बारेमा उल्लेख गरेको छ । (यादब, १९८४)

सन्थाल समुहलाई सतार समुदाय भनेर पनि चिनिन्छ । उनिहरुको अन्य समुदायको भन्दा भाषा, संस्कृति र जिवनशैलि फरक देखिन्छ । सन्थाल भाषा एउटा यस्तो भाषा हो जुन नेपालमा सन्थाल समुदाय भित्र मात्रै बोलिचालीको माध्यमबाट प्रयोगमा रहेको छ । यो जातिका मानिसहरु विशेषगरी काला रंगका हुन्छन् । उनिहरुसंग आफ्नै समुदायभित्र मात्रै मनाउने छुट्टै मुल संस्कृति रहेको हुन्छ । सन्थालहरु प्रायजसो उत्तर पुर्वि तराईमा बसोबास गर्दछन् । स्वभावमा संकोचीत प्रवृत्ति र कुनै अपरिचित प्रति बढ्ता आशंकित भएर चाँडो घुलमिल हुन नसक्ने तथा नयाँ कुराहरूप्रति उत्सुक भएर पनि परिवर्तनलाई स्वीकार गरी हाल्ने आँट नभएका आर्थिक पछौटेपनका कारण सामाजिक चेतना कम भएका सन्थाल जातिहरुको प्रविति रहेको छ । नेपालका आदिवासीका रूपमा बसोबास गर्दै आएपनि आफ्नो कतिपय संकिर्ण सामाजिक मान्यताका कारणले राष्ट्रिय प्रवाहबाट यो जाति वर्तमान अवस्थामा पनि भिन्न रहेको अनुभव हुन्छ । आफ्नो समुदाय छोडेर अरूको

समुदायमा बसोबास गर्न नरूचाउने यी जाति पुर्णरुपमा कृषि र पशुपालन व्यवसायमा आश्रित छन् । केही दशक अघिसम्म यी जाति झापा र मोरङ्गका अधिकांश कृषि योग्य भुमीका स्वामी थिए । त्यस समयका उनीहरूको जिवन सामान्य र सुखी थियो । तर हालको समयमा बढ्दो जनसंख्या भुमी विखण्डनमा आएको तिब्रताका कारण तिनीहरूको सरल र सुखी जिवन दिनप्रति दिन कष्टकर बन्दै गएको छ । उनिहरुको जिवनशैलि हेर्दा विकासको मुख्यधारबाट वहिस्करण भएको जस्तो देखिन्छ । विकासका आधारसंरचनाहरु निर्माण हुँदै गर्दा सन्थाल समुदाय त्यसमा समावेश हुन सकिरहेका छैनन् । यसै क्रममा सन्थालहरुको समुदाय पनि लोप हुँदै गइरहेको अवस्था देखिन्छ ।

तसर्थ,"सन्थाल जातिको शिक्षामा आर्थिक क्षेत्रको प्रभाव"लाई बुझदै उनिहरुको शैक्षिक अवस्था कसरी सन्तुलनमा रहेको छ, भनि हेर्ने प्रयास गरिएको छ ।

*Nii Djan Tackey* का अनुसार,

" *विभिन्न जातिय समुहहरुका लागी शिक्षाबाट हुने फाईदाहरुमा प्रभाव पार्ने केहि मुख्य कारक तत्वहरु बिभिन्न छन् । यो स्पष्ट छ कि शिक्षा प्रणालीको प्रत्येक चरणमा विभिन्न जातिय समुहहरुका लागी फरक उपलब्धिहरु छन् । जातिय अल्पसंख्यक समुहका थोरै बालबालिकाहरु औपचारीक प्रारम्भिक बर्षको शिक्षा अन्तरगत सहभागी हुन्छन् तर यो स्पष्ट छैन कि यसले प्राथमिक बिद्यालयमा सबै जातिय अल्पसंख्यक समुहहरुका लागी शिक्षा प्राप्तीमा महत्वपुर्ण फाईदाहरु कसरी दिन्छ ।* " *(Tackey – 2011,pp.68-78).*


माथिको भनाइ अनुसार, जनजातिहरु प्रति शिक्षाका फाइदाहरुलाई बुझाइएको छ । शिक्षाको क्षेत्रमा फरक फरक जनजाति समुहका व्यक्तिहरु समावेश भएका र त्यसमा उनिहरुको रुचि पनि रहेको छ । थोरै संख्यामा रहेका केहि जनजाति बालबालिकाहरुले पनि बार्षिक रुपमा औपचारीक शिक्षमा सहभागी भएको भनिएको छ । तर यहाँ यस प्रकारको शिक्षा प्रणालीले जनजाति समुहहरुको शिक्षा क्षेत्रमा महत्व रहेको वा नरहेको भनि खासै स्पष्ट हुन सकिएको छैन भनिएको छ ।

माथिका बिभिन्न सैद्धान्तिक दृष्टिकोणहरुलाई ध्यानमा राख्दै विश्लेषण गर्दा बर्तमान समय सम्म जनजातिहरुको सामाजिक, आर्थिक, शैक्षिक पक्षहरुको अध्ययन गरेको देखिन्छ । कतिपय अवस्थामा जनजातिहरुको आर्थिक आयलाई अध्ययन गरिएको छ भने कतिपय अवस्थामा जनजातिहरुको शिक्षाको क्षेत्रलाई र त्यसबाट जनजातिलाई हुने फाइदा वा नोक्सानको अध्ययन गरिएको छ । कतिपय अवस्थामा संस्कृति, धर्म संग सम्बन्धित भएर जनजातिहरुको अध्ययन गरेको पाइन्छ । बर्तमान समय सम्म पनि जनजातिहरुको अध्ययन गर्ने क्रममा सन्थाल जातिको धार्मिक, शैक्षिक, आर्थिक आयहरुको अध्ययन गरिएतापनि उनिहरुको आय र त्यसले उनिहरुको शैक्षिक जिवनमा पारेको प्रभावलाई बुझन कुनैपनि त्यस्ता अध्ययनहरु गरिएको पाइदैन । तसर्थ माथिका बिभिन्न सिद्धान्तमा आधारित रहेर जनजाति समुह अन्तरगत रहेका संथाल जातिहरुको आयको अवस्थाले उनिहरुको शैक्षिक क्षेत्रमा पारेको प्रभावलाई यस अध्ययन द्वारा संरचनात्मक प्रकार्यवादी दृष्टिकोणबाट व्याख्या र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## २.२ अवधारणाको रुपरेखा

सामान्य दिष्टिले हेर्दा शिक्षा र आय एक अर्कामा सम्बन्धित बस्तुहरु हुन । समाजका अन्य पक्षहरु संगै शिक्षा र आयलाई पनि हेर्दा यसले एकअर्कालाई प्रभाव पारेको देखिन्छ । यहाँ यस अध्ययनमा आयलाई स्वतन्त्र परिवत्य र शिक्षालाई आश्रित परिवत्य मानेर अध्ययन गरिएकोछ । यसै आयले गर्दा सन्थाल समुदायका व्यक्ति, परिवारको शिक्षालाई कतिको प्रभाव पारेको छ त ? भनेर हेरिएको छ । उनिहरुको शिक्षा स्तर नबढ्नुको कारण अन्य संगसंगै आय हो कि होईन भन्ने कुरा यस अनुसन्धान बाट प्रष्ट भएको छ । सन्थालहरुको आम्दानीले उनिहरुको शिक्षामा सकरात्मक वा नकरात्मक कस्तो प्रभाव परेको छ त ? आधुनिक समाजमा अध्ययन गर्ने, गराउने विभिन्न संस्थाहरु अध्ययनका सामाग्रीहरुको बिकास भएतापनि किन सन्थाल जातिका बालबच्चाहरु शिक्षा प्रति किन त्यति चासो दिदैँन् भन्ने कुरालाई यस अध्ययनबाट हेर्न प्रयास गरि सत्यतथ्य निचोडमा पुगिएको छ ।

यस अध्ययनलाई अगाडि बढाउन २ वटा चरहरु क्रमशः आय र शिक्षालाई लिइएको छ । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।




आयको क्षेत्रअन्तर्गत कृषि, मजदुरी, वैदेशिक रोजगार, हलीया अवस्था आदिलाई राखेर अध्ययन गरिएको छ भने शिक्षामा पारेको प्रभावलाई बुझ्न विद्यालय जाने बालबालिकाको शैक्षिक अवस्था अर्न्तगत उच्च तहको शिक्षा, माध्यमिक तहको शिक्षा र प्राथमिक तहको शिक्षा गरेर उनीहरुले प्राप्त गरेको शैक्षिक अवस्थालाई व्याख्या गरिएको छ । त्यसका साथै शिक्षा प्रतिको अभिभावकको रूची, अभिभावकको जीम्मेवारी, शिक्षाको महत्व आदि जस्ता कुराहरुलाई आश्रित परिवर्त्यहरुको रुपमा राखेर बुझ्ने प्रयास गरिएको छ ।

## २.३ अनुसन्धानकोअन्तर :

बर्तमान समयसम्म सन्थाल समुदायको जतिपनि अध्ययन अनुसन्धान भएको देखिन्छन् । ति अनुसन्धानले सन्थाल समुदायको सामाजिक - आर्थिक पक्ष, शिक्षा, संस्कृति, अर्थतन्त्र जस्ता बिषयमा मात्र अध्ययन गरेको पाइन्छ । Patel,(2018) का अनुसार ; सन्थालजाति र जीवनको गुणस्तर भन्ने लेखमा

सन्थालजातिहरुको दैनिकजीवनयापनगर्दा प्रयोग गर्ने सामग्रीहरु देखि लिएर उनीहरुको कला, धर्म, संस्कृति, पेशा र सामाजिकअवस्थाआदिबारे व्याख्या गरेको पाइन्छ । त्यस्तै सन्थालजातिहरु सँगै सम्बन्धितअर्को लेख Sociocultural changes of trives and their impacts on environment with special references to Santhal in Westbangalभन्ने लेख सुब्रतागुहा(SubrataGuha) and Md. Ismail ले सन्थालजातिहरुको सामाजिक साँस्कृतिक परिवर्तन र त्यसले वातावरणमा पारेको प्रभावलाई व्याख्या र विश्लेषण गरेका छन् । तर सन्थाल जातिको शिक्षामा आर्थिक क्षेत्रको प्रभाव आजसम्म कुनैपनि अध्ययनले हेर्ने प्रयास गरेको देखिँदैन । शिक्षा संग निम्न आय भएका परिवारको सम्बन्ध कस्तो छ त ? ति समुदायका व्यक्तिहरुको आयले शिक्षालाई कस्तो प्रभाव पारिरहेको छ त ? भन्ने पक्षमा अहिले बर्तमान समय सम्म कुनपनि प्रकारको अध्ययन अनुसन्धान नभएको कारणलेगर्दा सन्थाल समुदायको आयले उनिहरुको शिक्षामा पारेको प्रभाब बारे अध्ययन गर्नु आवश्यक ठानेर यस अनुसन्धान गरिएको छ।

# अध्याय ३
# अध्ययनको विधि

### ३.१ क्षेत्र चयनको औचित्यता

यस अध्ययनको क्षेत्र पुर्वी तराइको झापा जिल्ला अर्न्तगतको बिर्तामोड न.पा वडा नं. ७ गरामनीमा सम्पन्न गरिएको छ । उक्त क्षेत्र झापा जिल्लाको सदरमुकाम चन्द्रगढीबाट ६ कि.मि.उत्तर पश्चिममा रहेको छ । यस क्षेत्रमा विशेषत बाहुन, क्षेत्री, राई, लिम्बु, राजवंशी, सन्थाल आदी जातजातिको बसोबास रहेको छ । यहाँ परापुर्वकाल देखि  बसोबास गरि आएका आदिवासी सन्थाल जातिसँग सोधकर्ता स्वयम् निकट रहेकोले र यिनिहरू लोपोन्मुख अवस्थामा रहेकाले पनि यिनिहरुको संस्कृति संरक्षणको लागि सम्पुर्ण पक्षको अध्ययन गर्न प्रस्तुत क्षेत्रलाई नैं अध्ययन क्षेत्र बनाइएको थियो । गरामनीमा सन्थाल जातिको बसोबास धेरै भएको र यसै क्षेत्रको अध्ययनले त्यस जातिको आय र यसले शिक्षालाई पारेको प्रभावको खोज गर्दैगर्दा तथ्यांक सहजरुपमा रुपमा पाउन सकिने भएकाले पनि यस क्षेत्रको छनोट गरिएको थियो । यस वडामा सन्थाल जातिको समग्र घर संख्या १५० रहेकोमा ३० घर धुरिलाई मात्र अध्ययन क्षेत्रको नमुनाको रुपमा लिइएको थियो ।

उक्त अध्ययन क्षेत्र नै छनौट गर्नुका कारणहरु

क) अन्य जातिको भन्दा सन्थाल जातिको अध्ययन तथा अनुसन्धान कम रहेको,

ख)  यस क्षेत्रमा सन्थाल जातिको बसोवास बढी भएको,

ग) सन्थाल जातिको शैक्षिक क्षेत्रमा पहुँच कम देखिएको,

### ३.२ अनुसन्धानको ढाँचा :

अनुसन्धान कार्य सम्पन्न गर्नको लागि सर्वप्रथम अनुसन्धान ढाँचा आवश्यक पर्दछ । यसले अनुसन्धानको लागि सूचना तथा तथ्याङ्क संकलित गर्ने, संङ्कलित तथ्याङ्कहरुलाई उचित ढङ्गबाट प्रस्तुत गर्न, ब्याख्या र विश्लेषण गर्न तथा सही प्रमाणित निष्कर्ष निकाल्न मद्दत गर्दछ । यो अनुसन्धान वर्णनात्मक र अन्वेषणात्मक ढाँचामा आधारित रहेको छ । सन्थालहरुको वर्तमान शैक्षिक अवस्थाका विभिन्न समाजशास्त्रीय कारक तत्वहरु मध्ये आर्थिक क्षेत्रको प्रभावको अध्ययनलाई यी २ ढाँचाबाट व्याख्या र विश्लेषण गरिएको छ । वर्णात्मक ढाँचामा सन्थाल जातिहरुको शिक्षाको अवस्था, उनीहरुको आयको अवस्था, आफ्नो आयलाई प्रयोग गरेको क्षेत्र र उनीहरुको दैनिक जीवनयापन पद्धति आदिको व्याख्या गरीएको छ, भने अन्वेषणात्मक रुपमा सन्थालहरुले शिक्षालाई दिने महत्व, बालबालिकाहरुको शिक्षा प्रतिको रुची, उनीहरुको शैक्षिक अवस्था, शिक्षाको क्षेत्रमा भएको खर्च र उनीहरुको आयले शैक्षिक क्षेत्रमा पारेको प्रभाव आदि कुराहरुको खोजी गर्ने प्रयास गरीएको छ ।

**३.३ समग्र नमुना छनौट विधि :**

विर्तामोड नगरपालीकामा सन्थाल जातिहरु करिव ६०० को संख्यामा रहेका छन् । जसभित्र जम्मा १५० घरधुरीहरु रहेका छन् । १५० घरधुरीहरु मध्ये उद्देश्यमूलक नमुना छनौट बिधीबाट ३० घरधुरीहरुको छनौट गरिएको थियो । जस अर्न्तगत अर्न्तवार्ता लिने क्रममा १२ जना महिलाहरु जो घरपरिवारमा आय र व्यय सम्बन्धी काम गर्दै परिवार संचालन गरेर बसेका छन् उनीहरुको उत्तर समावेश गराईएको थियो भने भने १८ जना पुरुषहरुको अन्तरवार्ता लिइएको थियो । जो विभिन्न फरक-फरक पेशामा आबद्द भएका र आफ्नो घर परिवार सम्हालेर वसेका थिए ।

**३.४ तथ्याङ्कको प्रकृति र स्रोत :**

तथ्याङ्क विश्लेषण गर्दा तथ्याङ्कको गुणात्मक र मात्रात्मक दुवै प्रकृतिलाई प्रयोग गरिएको छ । जसमा उत्तरदाताहरुको उमेर, लिङ्ग, आय, खर्चको अवस्था आदिलाई मात्रात्मक तथ्याङ्कहरुको रुपमा प्रस्तुत गरिएको छ भने गुणात्मक प्रकृतिको प्रयोग उनीहरुको शिक्षाको अवस्था, रुची, समाजको प्रतिक्रिया, अपनाएको पेशा, शिक्षाको महत्व आदि कुराहरुको व्याख्या गर्न प्रयोग गरीएको छ । बढि मात्रामा गुणात्मक प्रकृतिलाई प्राथमिकता दिइएको छ । दैनिक आयको अवस्था र त्यसले शिक्षामा पारेको प्रभाव, बालबालिकाहरुको रुची, शैक्षिक अवस्था र अन्य विविध कुराहरुमाथि उत्तरदाताको व्यक्तिगत अनुभवहरुको आधारमा यो अनुसन्धान अगाडी बढाइएको छ । त्यसका साथै अनुसन्धानकर्ता स्वयम्ले स्थलगत क्षेत्रबाट तथ्याङ्कहरुको संकलन गरिसकेको छ । जसबाट प्राथमिक तथ्याङ्कहरु उपलब्ध गराइएको छ भने केहि हदसम्म द्वितिय तथ्याङ्का स्रोतहरुको पनि प्रयोग गरिएको छ । तथ्याङ्क संकलन गर्नका लागि विभिन्न विधिहरुको प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्क संकलनका लागी अनुसन्धानकर्ता आफैं कार्य क्षेत्रमा गएको छ भने द्वितीय तथ्याङ्का लागि विभिन्न पत्रपत्रिका, साहित्य, समाचार, पुराना तथ्याङ्कहरु आदिको प्रयोग गरिएको छ । यो अध्ययन प्राथमिक र द्वितिय तथ्याङ्क मा निर्भर रहेको छ ।

**३.५ तथ्याङ्क संकलन विधि :**

तथ्याङ्क संकलन गर्न अध्ययनकर्ता स्वयम् कार्य क्षेत्रमा उपस्थित भएर अर्न्तवार्ता र अवलोकन गर्दै उत्तरदातासंग सम्पर्क गरी उद्देश्यमूलक नमुना छनौट विधि अपनाएर उत्तरदातासँग अर्न्तवार्ताको माध्यमबाट आवश्यक तथ्याङ्कहरु संकलन गरिएका छन् ।

) **अन्तरवार्ता :**

अनुसन्धानकर्ताले विभिन्न विधिको प्रयोग गरेर वा स्वयम् उपस्थित भएर, १५० घरधुरीहरु मध्ये उद्देश्यमूलक नमुना छनौट गर्दा त्यसभित्र परेका ३० घर परिवारहरुमा अन्तवार्ता लिएको थियो । अर्न्तवार्ता लिने क्रममा ३० घर-धुरीका परिवारमा १८ जना पुरुष र १२ जना महिलाहरुको अर्न्तवार्तालाई समावेश गराइएको छ । उत्तरदाताहरु समक्ष उत्तर प्राप्त गर्नको लागि खुला र बन्द दुवै प्रकृतिको प्रश्नहरु राखिएको

थियो । बन्द प्रकृतिको प्रश्नहरुमा 'हुन्छ', 'हुँदैन'/ 'छ', 'छैन'/ 'गर्ने', 'नगर्ने' /'पुग्ने', 'नपुग्ने' आदि जस्ता विकल्पहरुको छनौट गरेर राखिएको थियो । बन्द प्रकृतिको प्रश्नहरुले उनीहरुको आर्थिक अवस्था, खानपानको स्थिति, जग्गा जमीनको स्वामित्व आदिको उत्तर प्राप्त गर्न मद्दत गरेको थियो । त्यस्तै खुला प्रकृतिको प्रश्नहरुमा उनीहरुको जीवनस्तर, शैक्षिकअवस्था, आर्थिक आयआर्जन गर्ने पेशाहरु, शिक्षा र रोजगार बीचको सम्बन्धआदि जस्ता व्याख्यात्मकउत्तर आउने प्रश्नहरु निर्माण गरिएको थियो । जसमा अनौपचारीक रुपमा उक्त घर परिवारका केटाकेटीहरुलाई पनि केहि प्रश्नहरु जस्तै - विद्यालय गएको वा नगएको, नगएको भए जान मन नलाग्नुको कारण, गएको भए त्यसबाट भएको फाइदा आदी जस्ता कुराहरु गरिएको थियो । अर्न्तवार्तामा महिला र पुरुष दुवैको सहभागिता राख्दै तथ्याङ्क प्राप्त गरिएको छ , भने बालबालिकाहरुलाई गरेको प्रश्नबाट प्राप्त उत्तरका आधारमा उनीहरुको शिक्षा प्रतिको रुची भएका तथ्याङ्कहरु प्राप्त भएको छ । उत्तरदाताको समग्र कुराहरुलाई ध्यानमा राखी एक अर्कासँग सामन्जस्यता बढाउदैं, गोपनियता कायम राख्दै उत्तरदातासगँ विभिन्न प्रश्नहरु सोधीएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया :

उत्तरदाताको उत्तरलाई जस्ताको तस्तै प्रस्तुत गर्दै प्राथमिक स्रोतहरुबाट प्राप्त तथ्याङ्कहरुलाई तालिका बद्ध गरेर व्याख्या तथा विश्लेषण गरिएको छ । मात्रात्मक भन्दा बढि गुणात्मक किसिमले अध्ययन गरिने भएकाले संख्यात्मक तथ्याङ्कलाई भन्दा बढि मात्रामा व्याख्या र विश्लेषणलाई प्राथमिकता दिइ अनुसन्धानलाई पुर्ण रुपमा सम्पन्न गरिएको छ ।

### ३.७.कार्यक्षेत्रको समयावधि :

यो अध्ययनको क्षेत्र हेर्दा सानो देखिएता पनि तथ्याङ्क संकलनका विभिन्न विधिहरु प्रयोग गरिएको साथै अनुसन्धान कर्ता स्वयम् कार्य क्षेत्रमा गएर तथ्याङ्क संकलन गरेको भएर करिब ३ महिनाको समय लागेको छ । जसमा प्राथमिक तथ्याङ्क संकलनमा करिब १ महिना र तथ्याङ्कहरुको विश्लेषण र व्याख्यामा करिब २ महिना गरेर जम्मा ३ महिना समय लाग्नेछ भनेर तोकिएको थियो । उक्त तोकिएको समय भित्र यो अध्ययन पूर्ण रुपमा सम्पन्न भएको छ ।

### ३.८ अध्ययनको सिमा

प्रत्येक अध्ययनको आआफ्नै सीमाहरू हुन्छन् । यस अध्ययनले बिर्तामोड नगरपालिका गरामनि ७ मा बसोबास गर्दै आएका सन्थालहरु मध्ये ३० घरको अध्ययनमा उनीहरुको शिक्षामा आर्थिक क्षेत्रको प्रभावलाई प्रष्ट पार्ने लक्ष्य लिइ यस अध्ययनलाई अगाडि बढाईएको छ । आयले प्रभाव पार्ने बिभिन्न क्षेत्रहरु रहेका छन् त्यसमध्ये पनि यहाँ सन्थाल जातिको शिक्षालाई प्रभाव पार्ने कारक तत्वहरु मध्ये एउटा प्रमुख कारक तत्वको रुपमा आयलाई राखी अध्ययन गरिएको छ । यो एक सूक्ष्म अध्ययन हो । त्यसकारण यस अध्ययनले देशभरका सन्थालहरुलाई एककृत गर्न सक्छ वा सक्दैन त्यो भन्न कठिन रहेको छ । तथापि उक्त अनुसन्धानले सन्थाल

जातिको शिक्षामा आर्थिक क्षेत्रको प्रभाव बारे अध्ययनलाई अन्वेषण गर्ने प्रयास गर्दछ । यस अध्ययनले शिक्षामा रहेको आर्थिक क्षेत्रको प्रभावलाई बृहत दृष्टिकोण बाट बुझ्न नसकेपनि सन्थाल जातिहरुको आय र उनीहरुको शिक्षाको अवस्था बारे बुझ्ने प्रयास गरेको छ, यो सानो क्षेत्रको अध्ययन हो, र यस अध्ययनले सम्बन्धित छनोट भएको घरधुरीको मात्रै आय र उनिहरुको आयले शिक्षामा पारेको प्रभावको निचोडलाई मात्र प्रतिबिम्बित गर्दछ । यो बिर्तामोड नगरपालिका गरामनि ७ को सिमीत घरधुरीमा मात्र सीमित छ । यसले नेपालको सम्पूर्ण सन्थाल समुदायको शिक्षामा आर्थिक क्षेत्रको प्रभाव लाई समेट्छ भन्न सकिन्न । अर्थात नेपालमा विभिन्न ठाउँमा सन्थाल जातिहरुको बसोबास रहेको छ । अध्ययन क्षेत्रको भन्दा बाहिरका सन्थाल जातिहरुको अवस्थालाई यस अध्ययनमा समेटिएको छैन । त्यसैले यस अध्ययनलाई अन्य ठाउँमा तुलना गर्न र समग्र क्षेत्रमा सामान्यिकरण गर्न सकिदैंन । निश्चित क्षेत्रमा मात्र यस अध्ययनको निचोडले प्रतिनिधित्व गर्दछ भन्न सकिन्छ । अध्ययनको सबै जानकारी अनुसन्धानकर्ताले सङ्कलन गरेको तथ्यांकमा आधारित रहेका छन् ।

# अध्याय ४

# सन्थाल जातिहरुको आय र शिक्षाको सम्बन्ध

### ४.१ उत्तरदाताहरुको उमेर समूह र उत्तरदाताको संख्या

सन्थाल जातिको शिक्षामा आर्थिक क्षेत्रको प्रभावको अध्ययन गर्ने क्रममा अध्ययन अन्तरगत ३० घरपरिवारका उत्तरदाताहरुलाई उमेरको आधारमा निम्न चरणहरुमा राखिएको छ । जसमा उमेरसमूहलाई विभिन्न श्रेणीमा विभाजन गरिएको छ । उक्त श्रेणी अनुसार जम्मा कुन उमेर समूहका जनसंख्या कति छन् भन्ने प्रष्ट पार्न सकिन्छ । उक्त तालिकामा उत्तरदाताको उमेरलाई आधार बनाइएको छ ।

तालिका नं. १ उत्तरदाताहरुको उमेर समूह अनुसार घर संख्या विवरण :

| उमेर समूह | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| १५-२९ | ८ | २६.६६% |
| ३०-४४ | १५ | ५०% |
| ४५-५९ | ७ | २३.३३% |
| ६० देखि माथि | २ | ६.६६% |
| जम्मा | ३० | १००% |

स्रोतः क्षेत्र सर्वेक्षण, २०२१

माथिको तालिकालाई व्याख्या गर्दा जम्मा उमेर समूह १५ को फरकमा राखिएको छ । यो उमेर समूह उत्तरदाताको उमेरको आधारमा बनाइएको हो ।

उत्तरदाताहरुको सन्थाल जातिको शिक्षामा आर्थिक क्षेत्रको प्रभावबारे अध्ययन गर्ने क्रममा हामीले प्रश्नावली निर्माण गरेर विभिन्न उमेर समूहका मानिसहरुसँग प्रश्न सोधेको थियौं । यसै क्रममा १५ देखि २९ उमेर समूहका ४ जना उत्तरदाताहरुबाट उत्तर प्राप्त भएको छ । त्यसैगरी क्रमशः ३०-४४, ४५-५९, ६० देखि माथिका बिभिन्न उमेर समूहका व्यक्तिबाट उत्तर प्राप्त भएको छ । उत्तर पाउने क्रममा सबैभन्दा बढी उत्तर ३०-४४ उमेर समूहबाट प्राप्त भएको छ भने सबैभन्दा कम उत्तर ६० देखि माथिको उमेर समुहबाट आएको छ । यसको कारण बृद्धबृद्धाको संख्या थोरै या त अन्य उमेर समुहका उत्तरदाताहरु धेरै भएर हुनसक्छ । बढी उत्तरदाताको प्रतिशत ५०% हुन आउँछ भने कम उत्तरदाताको प्रतिशत ६.६६% हुन आउँछ ।

### ४.२ उत्तरदाताहरुको वैवाहिक स्थिति

"सन्थाल जातिको शिक्षामा आर्थिक क्षेत्रको प्रभाव" शिर्षक राखी गरिएको अध्ययनमा तथ्याङ्क संकलन गर्दा उत्तरदाताहरुको वैवाहिक स्थितिको जानकारी लिने क्रममा हामीले प्रश्न गर्दा यस्ता जानकारी उपलब्ध भएका

छन् । जुन निम्न तालिकामा प्रस्तुत गरिन्छ । उक्त तालिकामा वैवाहिक स्थिति उत्तरदाताको हकमा राखिएको छ ।

तालिका नं. २ उत्तरदाताहरुको वैवाहिक स्थिति विवरण :

| कुल | विवाहित | अविवाहित | जम्मा |
|---|---|---|---|
| संख्या | २४ | ६ | ३० |
| प्रतिशत | ८०% | २०% | १००% |

स्रोतः क्षे.स, २०२१

सन्थाल जातिको शिक्षामा आम्दानीले पारेको प्रभावका बारेमा बुझ्न विभिन्न उमेर समूहका विवाहित अथवा अविवाहित महिला पुरुषहरुलाई प्रश्न सोधेका थियौं । सामान्य शैक्षिक स्तर भएका महिला पुरुषहरु जसले उनीहरुको शिक्षामा आयले पारेको प्रभाव बारे जानकारी दिएका छन् ।

माथिको तालिकामा वैवाहिक बन्धनमा बाँधिएका उत्तरदाता (२४) ८०% रहेका छन् भने वैवाहिक बन्धनमा नबाधिएका अर्थात् अविवाहित उत्तरदाता (६) २०% रहेका छन् । तथ्याङ्क संकलनको क्रममा हामीले १५ देखि माथिको उमेर समूहलाई प्रश्न सोधेको थियौं । ३० परिवारका ३० जना उत्तरदातामध्ये अविवाहित भन्दा विवाहित उत्तरदाताहरु बढी भेटिएको छ । यसबाट पनि के प्रष्ट हुन्छ भने यस समुदायमा छिटो विवाहको प्रचलन पनि देखियो र अर्को कुरा केटाको तुलनामा केटीको छिटो विवाह भएको पनि यस तथ्यांकबाट जानकारी प्राप्त भएको छ । छोराभन्दा छोरीको विवाह छिटो हुने, सानै उमेरमा बच्चा जन्माउने र धेरै छोराछोरीको संख्या बढ्ने खालका समस्या पनि देखियो ।

**४.३ उत्तरदाताहरुको सम्पत्ति विवरण :**

हामीले शिक्षालाई असर पार्ने विभिन्न तत्वहरुको व्याख्या गर्दैगर्दा उनीहरुको सम्पत्तिलाई पनि जोडेका छौं । सन्थाल समुदायसँग आफ्नो बस्ने घर, जग्गा जमिन छ/छैन भन्ने जानकारी लिन गरेको अध्ययनबाट निम्न तथ्याङ्क प्राप्त भएको छ ।

तलिका नं. ३ उत्तरदाताहरुको सम्पत्ति विवरण :

| अचल सम्पत्ति | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| छैन | १२ | ४०% |
| छ | १८ | ६०% |
| जम्मा | ३० | १००% |

स्रोतः क्षेत्र सर्वेक्षण, २०२१

माथि उल्लेखित तथ्याङ्क आफ्नो जमिन छ या छैन भन्ने बारेमा रहेको छ । यहाँ ४०% को जग्गा जमिन छैन र ६०% को जग्गा जमिन छ । यहाँ के देखिन्छ भने सय सन्थाल समुदायमा जग्गा जमिन नहुने भन्दा हुनेको संख्या धेरै रहेको छ । अर्थात् अचल सम्पत्ति नहुनेको संख्या कम र हुनेको संख्या बढी रहेको देख्न सकिन्छ । यहाँ प्रायः परिवारको घर मात्रै अटाएको जमिन बस्नको लागि मात्रै उपयुक्त छ । खानको लागि भने खेति छैन ।

आफ्नो जमिन हुनेले आफ्नो जमिनमा अलिअलि उत्पादन गर्छन् । धेरैथोरै कति हुन्छ, त्यो बाहेक आफ्नो जमिन नहुने तर कृषि पेशामा आबद्ध भएका किशान संथालहरुले अरुको खेती अधिँया, ठेक्का लिएर, पशु पालन गरेर कृषि क्षेत्रको उत्पादन गर्छन् । कुनैकुनै सन्थाल परिवारले व्याजमरौनीमा जमिन लिएको र कृषि उत्पादन गरेको पनि पाइएको छ र कृषि क्षेत्रमा आबद्ध नभएका तर जमिन चाँहि भएका परिवारको घर भएको जमिन मात्रै छ । थोरबहुत तरकारीहरु उत्पादन गर्ने करेसाबारी छ । तर त्यसको उत्पादनले पुग्दैन भनेपछि उनीहरु ज्यालामजदुरी नै गर्छन् । अन्य पेशामा आबद्ध भएर आफ्ना आवश्यकता परिपुर्ति गर्छन् । बसचालक, ट्याम्पो चालक यस्तै पेशामा आबद्ध भएर आयआर्जन गर्दछन् ।

### ४.४ उत्तरदाताहरुको पेशा

संथाल जातिको अध्ययन गर्दा उनीहरुले अपनाउने पेशाको बारेमा अनुसन्धान गर्दा विभिन्न पेशामा आबद्ध भएको पाइयो । उनीहरु खेतीपाती गर्ने,बगानमा कामगर्ने, मजदुरी गर्ने, महिलाहरु अन्य समुदायका मानिसहरुको घरमा गएर ज्यालामा घरभित्रको, करेसाबारीको काम गर्ने र एकदुई जना त विदेश पनि गएका रहेछन् । जुन निम्न तालिकामा देखिन्छ ।

प्रायः सन्थाल जातिहरु कृषि पेशामा आबद्ध रहेका छन् । कुनै परिवारको आफ्नै जमिन ४ धुर देखि ५ कट्ठा सम्म छ, र अन्य अधिया कमाउँदै आएको रहेछन् भने कसैले ठेक्कामा खेती गर्दै आएका रहेछन् । कुनै परिवारले व्याजमरौनी हालेर मौसम अनुसारको बाली लगाइ आफ्नो वार्षिक आम्दानी आय गरेर खान,लाउन,शिक्षा,स्वास्थ्यका खर्च त्यसैबाट परिपूर्ति गरिरहेका रहेछन् । यसका साथै आफूले जिम्मामा लिएको आफ्नो खेतीबालीको काम सकेर ज्यालामा अरुको खेतीमा गएर काम गर्ने कृयाकलापहरु भेटियो । तरकारी खेती गर्ने जस्ता कामहरु पनि कुनैकुनै परिवारमा थियो । जसलाई तल देखाइएको छ ।

तालिका नं. ४ उत्तरदाताको पेशा विवरण :

| पेशा | उत्तरदाता परिवार संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | १५ | ५०% |
| मजदुरी | १० | ३३.३३% |
| विदेश | २ | ६.६७% |
| अन्य | ३ | १०% |
| जम्मा | ३० | १००% |

स्रोतः क्षेत्र सर्वेक्षण, २०२१

जम्मा १०० प्रतिशतको ५०% परिवारका सन्थालहरु कृषि पेशा र पशुपालनमा आबद्ध रहेका छन् । यस बाहेक मौसमी कृयाकलापहरु जस्तै; माछा मारेर बजार लगेर बेच्ने, सिकार गर्ने, धान रोप्ने,काट्ने आदि जस्ता कृयाकलापमा पनि आबद्द रहेका छन् ।

उत्तरदाताको परिवारका प्रायः पुरुष मानिसहरु मजदुरीका लागि बाहिर काम गर्ने जस्तै :शिक्षक, मिस्त्री, वैदेशिक रोजगार, श्रमिकको काम, ढुङ्गा बालुवा बोक्ने, ट्याक्टरमा काम गर्ने, निर्माणशिल भवनहरुमा काम गर्ने आदि कार्य गर्छन् भने महिलाहरु पनि गाउँका कथित ठूलाबडा र आर्थिक रुपले सम्पन्न व्यक्तिहरुको घरमा गई घरको काम गर्दिने अथवा श्रमिककै काम गर्न भए पनि जाने गरेको पाइयो । मजदुरीमा पनि सबैभन्दा धेरै मिस्त्री काम गर्नेहरु देखिएका छन् । जम्मा प्रतिशतको ३३.३३% परिवार मजदुरी गरेर आफ्नो पारिवारिक आवश्यकता पूरा गर्ने, बालबच्चा स्कुल पठाउने जस्ता कृयाकलापहरु गर्दै आइरहेका रहेछन् । उत्तरदाता भित्रको दुई परिवार वैदेशिक रोजगारबाट जिविकोपार्जन गर्ने गर्दा रहेछन् । श्रीमती विदेश गएको अवस्थामा श्रीमान्ले छोराछोरीको हेरचाह गर्दै, नजिकै गाउँघरका काम गर्ने, ज्यालामा गाई वस्तुको स्याहार गर्दिने गरेको पाइयो । त्यस्तै ६.६०% परिवार रेमिट्यान्सको भरमा आफ्नो दैनिक जीवनयापन गरिरहेका छन् ।

अन्य पेशा जस्तै : गाडी कुदाउने, सहकारीमा कलेक्टरको काम गर्ने, स्कुल पढ्न जाने र बिहान बेलुका अरुको घरमा घरायसी काम गर्ने, बालबच्चा हेर्ने जस्ता कामहरु गरेर पनि आफ्नो घरका अशक्त बिरामीलाई पालेको र आफ्ना आवश्यकताहरु परिपूर्ति गरेको देख्न सकिन्छ । १०% परिवारका सदस्यहरु यस्ता पेशामा आबद्ध भएर आफ्नो र आफ्नो परिवारको आवश्यकता परिपूर्ति गरिरहेका छन् ।

### ४.५ उत्तरदाताहरुको मासिक आय

उत्तरदाताहरुको मासिक आय कार्यक्षेत्रमा गई अध्ययन गर्ने क्रममा उनीहरुकले गर्ने विभिन्न पेशाबाट के कति आम्दानी गर्छन्, उक्त आम्दानीले उनीहरुको खर्च पुऱ्याएर शिक्षामा लगानी गर्न सक्छन् सक्दैनन् यस्ता किसिमका प्रश्नको उत्तर खोज्ने क्रममा निम्न विभिन्न विवरणहरु तयार पारिएको छ । जसलाई

तालिकामा प्रस्तुत गरी सुक्ष्म रुपबाट व्याख्या विश्लेषण गरिन्छ । जसले गर्दा तालिकालाई छर्लङ्ग रुपमा बुझ्न सकिन्छ ।

तलिका नं. ५ सन्थाल जातिहरुको मासिक आय विवरण :

| मासिक आय रु. | उत्तरदाताहरुको परिवार | प्रतिशत |
|---|---|---|
| १0000 भन्दा कम | ६ | २0% |
| १0000-१९000 सम्म | १८ | ६0% |
| २0000-२९000 सम्म | ३ | १0% |
| ३0000-माथि | ३ | १0% |
| जम्मा | ३0 | १00% |

स्रोतः क्षेत्र सर्वेक्षण, २०२१

सन्थाल जातिको शिक्षामा आर्थिक क्षेत्रको प्रभाव हेर्ने क्रममा उनीहरुको मासिक आय कति हुन्छ भनेर विवरण तयार गर्दा १0,000 भन्दा कम आम्दानी हुने परिवार २0% रहेका छन्, त्यसैगरी क्रमशः १0000 भन्दा माथि १९,000 भन्दा कम आम्दानी हुने परिवार ६0%,२0000 भन्दा माथि २९,000 भन्दा कम १0% र ३0,000 भन्दा माथि आम्दानी हुने परिवार १0% रहेका छन् । यहाँ सबैभन्दा कम आय हुने परिवार २0% छन् र सबैभन्दा धेरै आय हुने परिवार सबैभन्दा कम १0% छन् । यहाँ १0-१९ हजारसम्म आय हुने परिवार संख्या धेरै ६0% रहेको छ ।

शिक्षाको अभाव, सिपको अभाव, भविष्यप्रतिको चिन्ता आदिको अभावका कारण सन्थाल जातिहरुमा कसैको आय कम रहेको पाइन्छ । त्यसका साथै अझैपनि परम्परागत समाजमा नै जीवन व्यतित गर्न रुचाउने यस जातिमा आधुनिक समाजको आवश्यकता र मूल्य मान्यतालाई आत्मसाथ गर्ने क्षमताको अभावका कारण पनि उनीहरुको आर्थिक स्तर न्युन रहेको देखिन्छ भने आर्थिक हैसियत केहि हदसम्म सक्षम भएका परिवारहरुले शिक्षाको महत्व बुझेको, शैक्षिक अवस्था सुधारिएको र विभिन्न सिपमूलक काममा आवद्द रहेको पाइन्छ । जसले गर्दा उनीहरुको आर्थिक अवस्था राम्रो रहेको देख्न सकिन्छ ।

आफूले गरेको आम्दानी केकेमा खर्च गर्नुहुन्छ भन्ने प्रश्न गर्दा एक व्यक्तिबाट प्राप्त उत्तरलाई व्याख्या गर्दा खान, लाउन, घर खर्च, छोराछोरी पढाउन, मनोरञ्जन, चाडपर्व यस्ता कुरामा हाम्रो खर्च हुने गरेको विचार पाइयो भने १0% परिवारबाट बचत पनि गर्छौं भन्ने कुरा आयो । तर अरु ९0% परिवारबाट हाम्रो बचत गर्न पुग्दैन एकदिन काम नगर्दा खान नपाउने पनि सम्भावना हुन्छ । सबैजना काम गर्दा आम्दानी पनि राम्रो हुन्छ । विवाह, मृत्युसंस्कार, चाडपर्वमा हाम्रो पेयपदार्थ नभई कुनै संस्कार चल्दैन । त्यसकारण यस्ता कुरामा हाम्रो खर्च धेरै हुन्छ भन्ने किसिमको उत्तरहररु प्राप्त भएको थियो ।

४.६ **उत्पादित अन्नले खान पुग्ने वा नपुग्ने अवस्था** :

सन्थाल समुदायका परिवारले उत्पादन गरेको खाद्यान्नले उनीहरुलाई खान पुग्ने या नपुग्ने अवस्था बारे गरिएको अध्ययनको शिलशिलामा अचल सम्पत्तिको विवरण पछि खान पुग्ने या नपुग्ने प्रश्नको उत्तर खोज्ने क्रममा निम्न अनुसार उत्तर प्राप्त गरेका् तालिका प्रस्तुत गरिन्छ । उक्त तालिकमा सन्थाल समुदायले आफ्नो जमिनमा उत्पादन के कति गर्छन् , कति महिनासम्म वा वर्षसम्म पुग्ने खाद्यान्न उत्पादन गर्छन् त भन्ने विषयबारे उल्लेख गरिन्छ ।

सन्थाल जातिको आम्दानी आयश्रोत जग्गाजमिनको बारे अध्ययन गर्ने क्रममा विभिन्न ता.नं मा तथ्याङ्कहरु संकलन गरिएको छ । उनीहरुसँग जग्गाजमिन भएर पनि किन खान पुगेन त भन्ने प्रश्न गर्दा जमिन त छ तर घर अटाउने मात्रै छ । त्यसमा जग्गामा घर छ । खेतीपाती गर्नको लागि पुग्ने जमिन छैन भन्ने यस तथ्याङ्कबाट पुष्टि हुन्छ ।

तालिका नं. ६ उत्पादित अन्नले खान पुग्ने/नपुग्ने अवस्थाको विवरण :

| उत्पादित अन्नले खान पुग्ने/नपुग्ने | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| खान पुग्ने | ६ | २०% |
| खान नपुग्ने | २४ | ८०% |
| जम्मा | ३० | १००% |

स्रोत: क्षेत्र सर्वेक्षण, २०२१

मथिको तालिका सन्थाल जातिको उत्पादनले खान पुग्ने या नपुग्ने सम्बन्धमा गरेको प्रश्नले २०% परिवारलाई खान पुग्ने र ८०% परिवारलाई खान नपुग्ने तथ्याङ्कले देखाएको छ । उनीहरुको थोरै परिवार संख्या भएको परिवारमा केहि महिना ढिलो सम्म खान पुग्ने र धेरै संख्या भएको परिवारलाई २/४ महिना अथवा १ महिना मात्र खान पुगेको जानकारी पाएका छौ ।

खान नपुग्ने परिवारलाई कसरी आफ्नो दैनिक जीवनयापन गर्नुहुन्छ त ? आफ्नो परिवारको खर्च के बाट उठाउनुहुन्छ भन्ने प्रश्न गर्दा उनीहरु ज्यालामजदुरी, साहुको काम गरेर आम्दानी गरी खाद्यान्नको व्यवस्था गर्ने कुरा बताएका छन् । खेतीबारी नभएका परिवारहरु दैनिक अन्य काम गरेर आफ्नो विहान बेलुकाको छाक टार्ने गर्छन् ।

अघिल्लो तालिकामा जग्गा जमिन हुने उत्तरदाताहरुको संख्या धेरै भएको देखिएतापनि यस तालिकामा उत्पादित भन्नाले खान नपुग्नेको संख्या धेरै देखिएको छ । किनभने जग्गाजमिन धेरै थोरै जति भएपनि सम्पत्ति विवरणमा राखिएको छ । उत्तरदाताहरु धेरैको जग्गा उत्पादनमा भन्दा पनि आफु घर बस्नमा प्रयोग भइरहेको देखिन्छ । घर बसेर बाँकी रहेको जमिनमा वर्ष वा महिना भरिको उत्पादन गर्न नसकिने भएका कारण

तथ्याङ्कमा यस्तो देखिएको हो । अर्थात् उत्तरदाताहरुको आफ्नो जग्गाजमिन थोरै भएको कारणले उत्पादित अन्नले खान नपुग्नेको संख्या धेरै देखिएको छ ।

### ४.७ कुल मासिक आयले महिनाभरिको खर्च पुग्ने या नपुग्ने बिवरण

उत्तरदाताहरुको मासिक आयले विना कठिनाई जिवनयापनमा सहजता भइरहेको छ या छैन जानकारी लिने उद्देश्यले कति परिवारलाई मासिक आयले खर्च पुगेको र कति परिवारलाई मासिक आयले खर्च नपुगेको भनेर तथ्याङ्क संकलन गरिएको छ । यी सबै तथ्याङ्क संकलनको मूल उद्देश्य भनेको उनीहरुको मासिक आयले शिक्षालाई समेटेको छ या छैन भनेर हेर्न खोज्नु हो । यसैको शिलशिलामा निम्न तालिका प्रस्तुत गरिन्छ ।

तालिका नं. ७ मासिक आयले खर्च पुगेको/नपुगेको अवस्था :

| घरखर्चको अवस्था | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| आधारभूत आवश्यकता ( गाँस, बाँस, कपास) | २५ | ८३.३३% |
| आधारभूतआवश्यकता+( शिक्षा, स्वास्थ्य, सरसफाई) | ०५ | १६.६७% |
| जम्मा | ३० | १००% |

स्रोत : क्षेत्र सर्वेक्षण, २०२१

माथिको तथ्याङ्क अनुसार सन्थाल जातिहरुको खर्चको अवस्थालाई हेर्दा उनीहरुको मासिक आयले नै आधारभूत आवश्यकत ागाँस, बाँस र कपासलाई मात्र पूरा गर्ने ८३.३३% रहेको पाइयो । उनीहरुको मासिक आय अत्यन्त न्यून रहेको देखिन्छ । आफूले उत्पादन गरेको अन्नले मात्र खान नपुग्ने अवस्था सृजना भएपछि अन्य पेशामा आबद्ध भएर दैनिक गुजरा चलाउन सम्म सकिरहेको पाइन्छ । तर अत्यन्त आधारभूत आवश्यकता (गाँस, बाँस, कपास) बाहेक अन्य आधारभूत आवश्यकताहरु जस्तै : शिक्षा, स्वास्थ्य, मनोरञ्जन, खेलकुद आदिमा आफ्नो खर्च पुऱ्याउन नसकेको अवस्था देखिन्छ । शिक्षाको कमीले वा अन्य सामाजिक कारक तत्वहरुको प्रभावले उनीहरुले आफ्नो आयलाई खासै वृद्धि गर्न नसकेको अवस्था रहेको छ । त्यस्तै;आफ्ना आधारभूत आवश्यकता परिपूर्ति गरेर शिक्षा स्वास्थ्य मनोरञ्जन आदि जस्ता आवश्यकताहरुलाई पनि आधारभूत ठानी त्यसमा खर्च गर्ने परिवार १६.६७% रहेको तथ्याङ्कले देखाएको छ । शैक्षिक रुपमा सबल भएका कारण आयमा वृद्धि भई उनीहरुले आफ्नो मासिक खर्च सहज रुपमा नै पुऱ्याएका छन् । उनीहरुको दैनिक जीवनयापनको प्रकृयामा गाँस, बाँस, कपासको लागि मात्र पनि खर्च नपुग्ने भन्दा उनीहरुलाई केही हदसम्म सहज देखिन्छ । फलस्वरुप जसले आफ्नो आधारभूत आवश्यकता मात्र पनि परिपूर्ति गर्न सकेका छैनन् उनीहरुले शिक्षामा लगानी गर्नु कठिन देखिन्छ भने आधारभूत आवश्यकता परिपूर्ति गर्ने परिवारले शिक्षामा लगानी गर्न सहज देखिन्छ । आय बढी भएका परिवारको शैक्षिक अवस्थामा पनि सकरात्मक

परिवर्तन हुँदै आएको छ भने कम आय भएका परिवारहरुको शैक्षिक स्तरमा परिवर्तन आएको पाइँदैन । त्यसैले ८०% भन्दा माथिका सन्थाल जातिहरु अझैँपनि परमपरागत रुपमा जीवनयापन गर्न बाध्य छन् भने २०% भन्दाकम सन्थालजातिहरु शिक्षाकै कारणले पनि आधुनिक समाजमा घुलमिल हुन र आधुनिक प्रविधिहरुको प्रयोग गर्दै सरल जीवनयापन गर्न सक्षम छन् ।

उत्तरदाताहरु जसले आफ्नो जीवनयापन सहज बनाउनको लागि आम्दानी गर्दछन् । एकातिर बाट नभए अर्को तिरबाट दैनिकी गुजारा चलाउँछन् । सोही कृयाकलापको क्रममा उनीहरुले गरेको आम्दानीले उनीहरुको जिविकोपार्जनमा कतिको सहजता छ भनेर गरिएको प्रश्नको उत्तरमा विभिन्न जानकारी प्राप्त भएका छन् । मासिक आम्दानीले के मा राम्रो सँग पुगेको र के मा नपुगेको प्रश्न गर्दा,

८३.३३% भित्रका परिवारमा

- खान लाउनसम्म नपुगेको शिक्षामा खर्च गर्न र अन्य मनोरञ्जन गर्न नपुगेको अवस्था,

-बिहान बेलुकाको छाक टार्न समेत दैनिक रुपमा ज्याला मजदुरी गर्नुपर्ने जस्ता समस्या भएको,

-छोराछोरीको कापी किताबको लागि पैसा नहुने,

१६.६७% परिवारमा

-आधारभूत आवश्यकता + शिक्षा, स्वास्थ्य, सरसफाई सबैमा खर्च पुगेको

**४.८ उत्तरदाताहरुको शैक्षिक स्तर :**

सन्थाल समुदायको शैक्षिक अवस्थाको बारेमा बुझ्नको लागि गरिएको प्रश्नबाट प्राप्त उत्तर यस तालिकामा प्रस्तुत गन्छि । उनीहरुको शैक्षिक अवस्था कस्तो छ, यदि निम्न भए किन छ भन्ने खोज गर्नका लागि यस अनुसन्धान अघि बढाइएको हो । शिक्षा मानिसको जीवनमा अत्यावश्यक तत्व भएका कारण यो हुनु आवश्यक छ । त्यसैले यसलाई बुझ्न सो अध्ययन गरिन्छ । तल तालिका प्रस्तुत गरिएको छ ।

तालिका नं. ८ उत्तरदाताहरुको शैक्षिक स्तर विवरण :

| शैक्षिक स्तर | उत्तरदाता | प्रतिशत |
|---|---|---|
| साक्षर | २१ | ७०% |
| निरक्षर | ०९ | ३०% |
| जम्मा | ३० | १००% |

स्रोत: क्षेत्र सर्वेक्षण, २०२१

उक्त तालिकामा प्रस्तुत शैक्षिक स्तरको अवस्थालाई उत्तरदाताहरुको आधारमा हेर्दा ७०% साक्षर उत्तरदाता रहेका छन् भने ३०% घरपरिवारको अध्ययन गर्दा बढी मात्रामा शैक्षिक स्थिति सामान्य भएका ( साक्षर) उत्तरदाताहरुको उत्तर अनुसार यस अध्ययन अघि बढाइन्छ । यहाँ साक्षरमा अक्षर चिन्ने देखि लिएर

उच्च शिक्षा हाँसिल गरेका सम्पूर्णलाई समावेश गरिएको छ र निरक्षरमा अक्षर नै नचिन्नेलाई समावेश गरी अध्ययन गरिएको छ ।

### ४.९ शिक्षा प्रति महत्वको अवस्था

उत्तरदाता स्वयम् वा उनिहरुका केटाकेटीहरु सामान्य अवस्थामा पनि त्यति ध्यान दिएर स्कुल गएको देखिँदैन । त्यसको कारण खोज्ने क्रममा कतिपय अवस्थामा अभिभावकले वेवास्ता गरेको, कतिपय अवस्थामा बाध्यताले विद्यालय जान नपाएको र कुनै परिवारमा बच्चा आफैंले अल्छि गरेको पाइयो । यस जानकारीलाई निम्न तालिका र त्यसको व्याख्याले स्पष्ट पारिन्छ ।

तालिका नं. ९ शिक्षा प्रतिको महत्व :

| शिक्षाको अवस्था | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| महत्व नदिने | ९ | ३०% |
| सामान्य मान्ने | १५ | ५०% |
| महत्व दिने | ६ | २०% |
| जम्मा | ३० | १००% |

स्रोतः क्षेत्र सर्वेक्षण, २०२१

शिक्षालाई धेरै महत्व नदिने काम गरे पैसा आउँछ परिवार पाल्न सहज हुन्छ भन्ने ३०% परिवार रहेछन् । साथै शिक्षा भए पनि ठिक नभए पनि ठिक, कसैले पढाइदियो भने पढ्छन्, पढ्दै पनि बिहान बेलुका काम गर्छन् नि भनेर खास चासो नदिने परिवार ५०% रहेछन्, र पढाई त अहिलेको अत्यावश्यक कुरा हो । अहिलेका केटाकेटीका लागी त झन शिक्षा अत्यावश्यक वस्तु हो । यो नभए जीवन अँध्यारो छ, शिक्षा त हरेक व्यक्ति ले पाउनुपर्छ भन्ने सोचेर चासो दिने परिवार २०% रहेका छन् ।

परिवारमा काम गर्न नसक्ने अवस्थाका बृद्ध अथवा रोगी बुबाआमा भएका छोराछोरीलाई बाबुआमाले पढाईको भन्दा बढी आकर्षण काम तिर गराएको यस अध्ययनमा देखिन्छ । काम गरेपछि पैसा आउने बिहान बेलुकाको छाक टार्न मद्दत पुग्ने भएकोले र पढ्न जाँदा उल्टै खर्च हुने भएकोले काम गर्न उत्साहित गराएको देखिन्छ । उनीहरुको पारिवारिक स्थितिको कारण मन गरेपनि छोराछोरीले पढ्न नपाएको गुनासो गर्छन् ।

त्यसैगरी पढ्दै नपढ भन्ने चाँहि होइन तर पढ्नुपर्छ भनेर प्रोत्साहन नगरेको पनि पाइयो । उनीहरु आफ्नो इच्छाले पढे ठिकै छ । काम गरे ठिकै छ । अक्षर चिन्ने भइहाले अब धेरै पढेर के काम बरु काम गर्नजाँदा पैसा आउँछ भन्ने खालको मानसिकता भएको परिवार तुलनात्मक रुपमा बढी रहेछन् ।

पढाईलाई धेरै महत्व दिने, पढ्नु पर्छ भन्ने परिवार २०% भेटियो । छोराछोरीले पढाईलाई वास्ता नगरे पनि बाबुआमाले प्रोत्साहित गरेर विद्यालय पठाएको पाइयो । यसै बीच एक अभिभावकको भनाई; *“पढ्न् म एक छाक खाएर भए पनि पढाउँछु नपढेर अहिलेको जमानामा काम छैन । नपढेरै अन्य जाति भन्दा सन्थाल*

*जाति पछाडि छ । म यसको मुख्य श्रेय मादक पदार्थलाई दिन्छु । मादक पदार्थ सेवनले सन्थाल जातिलाई पछाडि पारिरहेको छ ।"*

समग्रमा पढाईलाई उक्त निश्चित ठाउँका सन्थाल जातिको समूहमा के कति महत्व दिन्छन् भनेर हेर्दा तिन किसिमका दृष्टिकोणबाट शिक्षालाई हेरेको पाइयो । उनीहरुमध्ये कतिपयले पढाईको महत्व जान्दाजान्दै पनि पारिवारिक स्थिति कमजोर भएका कारण पढेर काम छैन भन्न बाध्य पनि छन् । बाध्यताले छोराछोरी पढाउन नसकेको उत्तरदाताहरुको गुनासो रहेको यस अध्ययनबाट जानकारी भएको छ ।

उक्त अध्ययनमा शिक्षाको महत्वलाई हेर्दा उक्त स्थानका अन्य जातिको समाजमा जस्तै समस्या रहेको देखिन्छ । बाबुआमाहरुले आफ्नो छोराछोरीहरुको उज्वल भविष्यको लागि शिक्षालाई महत्व दिँदै विद्यालय जान आग्रह गरे पनि केटाकेटीहरुको बालखापन, मनोरञ्जनात्मक कृयाकलापमा संलग्न भएर शिक्षाको वास्तविक अर्थलाई केटाकेटीहरुले बुझ्न नसकेको र उनीहरुको अभिभावकहरुले पनि बुझाउन नसकेको अवस्था यथावत् देखिन्छ । त्यसका साथै आर्थिक कठिनाईका कारणले गर्दा केहि बालबच्चाहरु बाबुआमाले विद्यालय पठाएता पनि विद्यालय नगएर श्रमिकको रुपमा रोजगारी खोज्दै हिड्ने गरेको र मजदुरी गर्ने गरेको पाइन्छ । जसले गर्दा उनीहरुको दैनिक गुजारालाई केहि हदसम्म सहज बनाएता पनि शिक्षाको अभावमा उनीहरुको भविष्य अन्धकारमय बनेको देखिन्छ । त्यसैले उत्तरदाता अभिभावकहरुको शिक्षाप्रति अत्याधिक रुचि भएतापनि आफ्ना बालबालिकाहरुलाई शिक्षित बनाउन नसकेको अवस्था वर्तमान अवस्थासम्म पनि रहिरहेको पाइन्छ ।

*"खास राम्रो नराम्रो भन्दा पनि केटाकेटी जति पढ्छ पढ्छ नपढे काम गर्छ भन्ने हुन्छ कोहीकोहीको केटाकेटी मात्र धेरै पढेको हुन्छ । पढाउनै सक्दैन । पढेको त राम्रै मान्छ ।"*

**४.१० शिक्षित र अशिक्षित बीचको फरक**

शिक्षित र अशिक्षित बीचमा के फरक पाउनुहुन्छ भन्ने प्रश्नमा उत्तरदाताहरुबाट प्राप्त उत्तरलाई निम्न तालिका बनाई बिस्तारित रुपमा ब्याख्या गरिन्छ ।

तालिका नं. १० शिक्षित र अशिक्षित बीचको फरक विवरण :

| शिक्षित र अशिक्षितको व्यवहार | संख्या | प्रतिशत |
|---|---|---|
| फरक हुन्छ | ५ | १६.६६% |
| उस्तै हुन्छ | २३ | ७६.७७% |
| केहि मात्र फरक हुन्छ | २ | ७.७७% |
| जम्मा | ३० | १००% |

स्रोतः क्षेत्र सर्वेक्षण, २०२१

माथि दिएको तालिकामा हामीले एक निश्चित ठाउँका सन्थाल जातिको अध्ययनमा शिक्षा लिएका र शिक्षाबाट बञ्चित अथवा शिक्षा नपाएका व्यक्तिहरुबाट कस्ता व्यवहार, कृयाकलाप पाउनुहुन्छ भन्ने प्रश्नमा उस्तै हुन्छन् कुनै फरक हुँदैन भन्ने उत्तरदाता १६.६६% पाइयो । आकाश जमिनको फरक हुन्छन् भन्ने ७६.७७% पाइयो । त्यस्तो धेरै फरक हुँदैन केहि हदसम्म फरक हुन्छन् भन्ने उत्तरदाता ७.७७% पाइयो ।

पढेर पनि अक्षर चिनेर पनि त्यहि खेतीपाती मजदुरी नै गर्छन् मानिस बोलीचाली पनि हामी नपढेकोको जस्तै नै हुन्छ । के फरक हुनु उस्तै छ भन्ने उत्तरदाताको जमात एउटा रहेको छ ।

त्यसैगरी पढेकाहरु केहि न केहि जागीर खाइरहेका हुन्छन् । अनपढ भन्दा फरक, सभ्य किसीमको व्यवहार गर्छन् । नयाँ ठाउँमा पुग्दा वा केहि कामले घरबाट बाहिर जुनसुकै काममा पनि अलमलिरहनु पर्दैन । यो एक उदाहरण हो, यस्ता धेरै फरकहरु छन् जसले गर्दा पढेका र नपढेका बिच अन्तर पाउन सकिन्छ । ७६.७७% परिवारका उत्तरदाताहरु पढेपछि इज्जत पाइन्छ, धेरै कुरा सिक्ने मौका मिल्छ समाजले गर्ने व्यवहार र हेर्ने दृष्टिकोण सम्मानजनक हुन्छ भन्नेछन् ।

*"उनीहरु आफूमा सक्षम होलान् तर घरसमाज काम यी कुराहरुमा फरक देखेको छैन । आफूसँग नपढेकासँग भन्दा पढेकासँग बुद्धि धेरै होला तर दुःख उस्तै गर्नु परिहाल्छ । बासबेली खानु, ठूलो ठूलो ठाउँमा अफिसमा काम गर्न पाउँदैनन् के फरक देख्नु धेरै त ।"*

**४.११ बिवाह**

बि.न.पा गरामनि ७ मा सन्थाल समुदायको निश्चित घर धुरी तोकी ३० वटा परिवारमा अध्ययन गरिएको छ । यहाँ विवाहलाई एक सामाजिक कारक तत्वको रुपमा हेर्ने प्रयास गरीएको छ । अध्ययनलाई पूर्णता दिन हामीले उक्त समुदायका उत्तरदाताका परिवारको शिक्षालाई प्रभाव पार्ने कारक तत्वका रुपमा विवाहलाई पनि समेटेका छौं । विवाहमा दुलही, दुलहा खोज्दा यी उत्तरदाता समुदायका मानिसहरु अलिअलि अक्षर चिनेको, घरव्यवहार बुझेको, केटा भए कमाउने, केटीभए घर सम्हाल्ने, अलिअलि सरसम्पत्ति भएको यस्ता दुलहा हुलही खोज्ने गर्छन् । भरसक आफ्नो हैसियतसँग मिल्दोजुल्दो, आफ्नै जाति भित्रको दुलहा/दुलही रोज्ने गर्दछन् । यस समुदायमा विधवा भाउजु देवरले बिहे गर्ने चलन पनि रहेको छ ।

सामान्यतया विवाहमा सबैले आफ्नो जोडी एकदमै सकारात्मक, पढेको, मिजासिलो व्यवहार भएको होस् भन्ने त सोच राखिनै हाल्छ । त्यसमा पनि कतिपय समाजमा त दाइजोमा विभिन्न सरसामानको माग राखेको देखेका छौं । यसै शिलशिलामा सन्थाल समुदायमा चाँहि वैवाहिक कार्यक्रममा कस्तो वर/वधु वा परिवार हेरिन्छ भन्ने जानकारी लिने क्रममा उनीहरुको भनाई ।

उत्तरदाताले शिक्षालाई सकारात्मक रुपमा लिएको पाइन्छ । वर्तमान नेपाली समाजमा शिक्षाको आवश्यकता प्रतिस्पर्धात्मक ढंगबाट बढिरहेको अवस्थामा नेपाल सरकारले एस.एल.सी सम्मको शिक्षा निःशुल्क गराइदिएको कारणले गर्दा अधिकांश उत्तरदाताका बालबालिकाहरुले बिद्या आर्जन गर्ने अवसर प्राप्त गरेको देखिन्छ । जसले सम्पुर्ण सन्थाल जातिमा सकारात्मक प्रभाव पारेको छ । तथापि बिद्यालय जाने बिद्यार्थीहरु

बिद्यालय जान भन्दा मनोरञ्जनात्मक कृयाकलापमा बढी आकर्षित भएकाले र पैसा कमाउने एक मात्र उद्देश्य हुनाले शिक्षालाई भन्दा बढी प्राथमिकता आयलाई पनि दिने गरेको पाइन्छ । त्यसका साथै स्कुलबाट दिइएको गृहकार्य गर्नमा सहयोग गर्ने क्षमता उत्तरदाताका अभिभावकमा नभएकोले र अतिरिक्त कक्षा पढाउने आर्थिक हैसियत पनि नभएकाले गर्दा शिक्षा खासै राम्रो भएको पाइदैन । तर पनि सन्थाल जातिका अभिभावकहरुले आफूले पढ्न नसके पनि वा नपाए पनि छोराछोरीले राम्ररी पढिदिएर उच्च स्तरमा जागिर खाए हुन्थ्यो भन्ने विचार राखेको पाइन्छ । यसै क्रममा शिक्षाको अवस्थालाई उत्तरदाताले कसरी लिन्छन् भनी गरिएको प्रश्नमा एक उत्तरदाताको उत्तर यस्तो थियो । उनीहरु शिक्षालाई सकारात्मक ढंगबाट प्रस्तुत गर्छन् ।

*"राम्रै कुरा हो १० सम्म सरकारले पढाइदिएको छ । केटाकेटी स्कुल जान्छ तर उनीहरुको खुसि हुन्छ । स्कुल गए नगएको बाबुआमाले याद गर्दैन । स्कुलबाट लेख्न पढ्न दिएको पनि हामी सिकाउन जान्दैनौ, उनीहरुले गरे गर्छन् नगरे गर्दैनन् । हामी आमाबाबु शिक्षित नभएर पनि छोराछोरीले पढ्दैनन्, पढ्न सक्दा त अहिले राम्रो छ ।"*

शिक्षित व्यक्तिले कसैबाट हेला हुनु पर्दैन, ठगिनु पर्दैन, मानिस चलाख हुन्छन् । अन्धकार फैलिएको जीवनमा शिक्षाको ज्योतिले उज्यालो छर्छ । जीवनमा ज्ञानगुणका कुरा थाहा हुन्छ । व्यक्तित्वको विकास हुन्छ तर पढेर पनि मानिसले काम पाउँदैनन् बरोजगार बसेका हुन्छन् तर विदेश जानुपरेपनि जे काम गरेपनि पढाईले बेफाइदा गर्दैन फाइदा गर्छ त्यसकारण शिक्षा मानिसको जीवनमा अत्यावश्यक छ । शिक्षाले मानिसको जीवनमा सकारात्मक भूमिका खेल्छ ।

*"शिक्षित मानिसहरुसँग सहि गलतको ज्ञान हुन्छ । उनीहरुले शिक्षालाई विभिन्न कुरामा प्रयोग गर्न सक्छन् । खेतीपाती नै गर्दा पनि त्यस सम्बन्धि ज्ञान भएको मानिसले गरेको खेतीपाती र ज्ञान बिनाको मानिसले गरेको खेतीपाती बीच फरक हुन्छ । उनीहरुलाई थाहा हुन्छ कि आधुनिक तरिकाले कसरी उब्जनी बढाउने । यहाँ पनि एउटा उपलब्धी भयो । शिक्षित व्यक्तिले मानसम्मान पाउँछन् । बाहिरी तवरबाट हेर्दा शिक्षित मानिसले पनि प्रगति नगरेको देख्दा काम छैन रहेछ भन्ने हुन्छ तर शिक्षाको महत्व बुझ्दै जाँदा शिक्षित र अशिक्षित मानिसहरु बिच एकदमै भिन्नता हुन्छ । मानिसले शिक्षा विभिन्न ठाउँबाट प्राप्त गर्छ कसैले पढेर कसैले भोगेर । किताबी ज्ञान पढेर आउँछ भने अनुभाविक ज्ञान भोगेर काम गरेर, परेर आउँछ । शिक्षा नै नहुने र हुने मानिसबीच भिन्नता पाइन्छ ।"*

*"समाजले हेर्ने दृष्टिकोण सकारात्मक हुन्छ, कुनैपनि कानुनी फैसलामा सोच विचार गरेर निर्णय गर्न सकिने, हाम्रै सन्थाल जातिमा पनि सरकारले के कस्ता सेवा सुविधा दिएको छ त्यसबारे जानकारी लिन सहज हुन्छ । नपढेकाको लागि त यी सब कार्य गर्न को जाने के गर्ने मेलोमेसो नै हुँदैन । आफ्नो जातिको उत्थान हुने । पिछडिएको वर्गहरु अन्य वर्गसँग बराबरको प्रतिस्पर्धा गर्न सक्ने हुन्छ । रोजगारीको अवसर प्राप्त हुन्छ । गरिबी न्युनीकरण हुन्छ, नेतृत्व गर्ने क्षमताको विकास हुन्छ । सन्थाल जातिहरुको जीवनशैली माथि उठ्न मद्दत गर्छ ।"*

### ४.१२ उत्तरदाताहरुका आर्थिक अवस्थाले शैक्षिक क्षेत्रमा पारेको प्रभाव

सन्थाल जातिहरु उच्च शिक्षा प्राप्त गर्ने अवस्थासम्म आइपुग्दा उनीहरुको सहभागिता अत्यन्तै कम भएको हुनाले उक्त क्षेत्रमा सहभागिता नहुने विभिन्न कारणहरुलाई बुझ्ने क्रममा उनीहरुको आर्थिक अवस्था जिम्मेवार छ वा छैन अथवा आर्थिक अवस्थाको कारणले उनीहरुको शैक्षिक क्षेत्रमा के कति प्रभाव पारेको छ भनी बुझ्न यस अध्ययनमा केही प्रश्न राखिएको थियो । जसबाट प्राप्त केही तथ्याङ्कहरुलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरी व्याख्या गरिएको छ ।

तलिका नं. ११ शिक्षा प्राप्त गर्ने विवरण :

| शैक्षिक स्तर | घरसंख्या | प्रतिशत |
|---|---|---|
| माध्यमिक तह | २७ | ९०% |
| उच्च तह | ०३ | १०% |
| जम्मा | ३० | १०० % |

स्रोतः क्षेत्र सर्वेक्षण, २०२१

निश्चित क्षेत्रको संथाल समुदायका ३० परिवारमा ९०% बालबच्चा बिद्यालय भर्ना भएका र १०% बालबच्चा बिद्यालय भर्ना नभएका अध्ययनबाट जानकारी प्राप्त भएको छ । अध्ययनकै क्रममा बिद्यालय भर्ना सम्बन्धी प्रश्न गर्दा थोरै प्रतिशत बालबच्चा भर्ना नगरेका वा स्कुल नै नगएका र प्रायः बिद्यार्थी भर्ना भएका देखिएका छन् । शिक्षा प्रदान गर्नको लागि विभिन्न ठाउँठाउँमा निजी, सरकारी संस्थाहरु स्थापना भएका छन् । जसको उद्देश्य संसारलाई शिक्षित बनाउनु हो । थोर बहुत कमाउने हिसाबबाट गुणस्तरीय शिक्षाको लागि निजी विद्यालयहरु स्थापना गरिएको हुन्छ र जस्तो सुकै निम्न आय भएका परिवारले पनि SLC, +2 सम्मको शिक्षा आफ्ना छोराछोरीलाई दिउन भन्ने उद्देश्यले सरकारले विभिन्न ठाउँमा स्कुलको स्थापना गरेको छ । जसको एकमात्र उद्देश्य गरिब परिवारका केटाकेटीले पनि पढ्न पाउन् भन्ने हो । हरेक शिक्षाको महत्व बुझ्ने बाबुआमाको चाहना आफ्ना छोराछोरीलाई राम्रो शिक्षा दिक्षा दिएर उनीहरुको भविष्य उज्वल बनोस भन्ने हुन्छ । अन्य खर्च कटाएर पनि छोराछोरीलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने तर विभिन्न कारणबस कतिको सपना अधुरै रहन्छ ।

### ४.१३ बिद्यालयको प्रकृति

"सन्थाल जातिको शिक्षामा आर्थिक क्षेत्रको प्रभाव"को खोजीमा शिक्षालाई उनीहरुको आर्थिक आम्दानीले कस्तो असर पार्छ त भन्ने विषयलाई हेर्ने क्रममा यस निश्चित समुदायका छोराछोरी विद्यालय पठाउँछन् या पठाउँदैनन्, पठाउँदा कस्तो प्रकृतिको विद्यालय भर्ना गर्छन् भन्ने कुराको खोज गर्दा निम्न तथ्याङ्क प्राप्त भएको छ ।

तालिका नं. १२ बिद्यालयको प्रकृति विवरण :

| बिद्यालयको प्रकृति | घरसंख्या | प्रतिशत |
|---|---|---|
| निजी | ३ | १०% |
| सरकारी | २७ | ९०% |
| जम्मा | ३० | १०० % |

स्रोतः क्षेत्र सर्वेक्षण, २०२१

छोराछोरी भर्ना गर्दा अभिभावकहरुले कस्ता प्रकृतिका बिद्यालय रोज्ने गरेको बारे जानकारी लिन सोधिएको प्रश्न द्वारा प्राप्त उत्तरमा जम्मा ३० घ.संको १०% परिवारले निजी बिद्यालय पठाएको र ९०% परिवारले सरकारी बिद्यालयमा भर्ना गरेको तथ्याङ्क प्राप्त भएको छ। यस तथ्याङ्कलाई हेर्दा शिक्षालाई आर्थिक अवस्थाले प्रत्यक्ष रुपमा असर पारेको देखिन्छ । जसले गर्दा अभिभावकले भने जस्तो बिद्यालय पढाउन छोराछोरीलाई पाइरहेका छैनन् ।

अध्ययनको शिलशिलामा १० % बिद्यार्थी निजी बिद्यालय जाने र ९०% बिद्यार्थी सरकारी बिद्यालय जाने तथ्याङ्कमा देखियो । अभिभावकहरुले आफ्ना छोराछोरी पढाउनको लागी किन सो प्रकृतिको बिद्यालय छान्नुभयो भनेर कारण खोज्ने क्रममा विभिन्न उत्तरदाताको उत्तर प्राप्त भएका छन् ।

यसमध्ये सरकारी स्कुल पठाउने एक अभिभावकको भनाई;

*"सरकारी स्कुल पढाउने हैसियत पनि नभएको मैले निजी स्कुल पढाउन त कल्पनै छैन । इच्छा त ठूलो मान्छे होस् भन्ने थियो । इच्छाले मात्रै नहुने रहेछ । सरकारले राम्रो व्यवस्था देको छ । लुगाफाटो किताब कापी सबै दिएर पढाएको छ सरकारले । त्यसैले त मेरो छोराछोरीले पढ्न पाइरहेछ । जब सरकारले बेहोर्न छोड्छ मेरो बच्चाले पढ्न पनि छोड्छ ।"*

सरकारी विद्यालय छान्ने (९०%) परिवार मध्ये अर्का एक अभिभावकको विचार :

*"पैसा हुँदैन, सरकारी स्कुलमा पनि पढाई त भइहाल्छ, अक्षर चिनिहाल्छ । यति भए धेरै के चाहियो । सबैलाई अंग्रेजी स्कुल पढाउन सकिदैंन । राम्रोसँग स्कुल जान मन पनि गर्दैनन् । छोराछोरी धेरै छन् । खर्च कम हुन्छ सरकारी स्कुलमा ।"*

शिक्षाको गुणस्तर र शिक्षाको महत्व थाहा पाएर पनि उनीहरु शिक्षा ग्रहण गर्न सक्दैनन् । कारण हो कमजोर आर्थिक अवस्था । कमजोर आर्थिक अवस्थाका कारण ९०% अभिभावकका छोराछोरी सरकारी बिद्यालय जान्छन् । जसको खर्च सबै सरकारले बेहोरेको हुन्छ । जुन दिनबाट सरकारले बेहोर्नेसम्मको पढाई सकिन्छ, त्यसभन्दा माथिको शिक्षा लिन पाउँदैनन् ।

त्यस्तै अध्ययनको तथ्याङ्कमा १०% परिवारले भने आफ्ना छोराछोरीलाई निजी बिद्यालय पढाउने गरेको पाइएको छ । निजी बिद्यालय जाने बिद्यार्थीका अभिभावकहरु मध्ये एक अभिभावकको विचार यस्तो रहेको पाइन्छ :

*"खान आफ्नो जमिन छ, बाहिर काम गरेर पनि २/४ पैसा जम्मा हुन्छ । त्यसैले कहिले सम्म सक्छु तहिले सम्म पढाउँछु नसकेको दिन सरकारी स्कुलमा हाल्छु । अंग्रेजीको जमाना छ । अंग्रेजी सिकोस् २/४ अक्षर बोलोस् भनेर बोर्डिङ्गमा पढाएको हो ।"*

त्यस्तै निजी विद्यालय छान्ने (१०%) परिवार मध्ये अर्का एक अभिभावकको भनाइ छोटकरीमा प्रस्तुत गरिएको छ :

*"राम्रो पढिदिए दुःख गरेर पढाउँछु, भविष्य राम्रो बनियोस् । अहिलेको जमानामा अंग्रेजी चाहिन्छ । अंग्रेजी बेगार केहि चल्दैन भोली समाजमा अन्य जातिहरुसँग प्रतिस्पर्धा गर्न सक्ने होस मेरो छोराछोरी । अंग्रेजी फटट बोल्न जानोस् यस्तै कारणले गर्दा महँगो भएपनि अंग्रेजी स्कुलमा पढाएको ।"*

यस अध्ययनले उत्तरदाताका छोराछोरी बिद्यालय जाने माध्यमिक तहसम्म पढ्ने तर उच्च शिक्षाको लागि थप अगाढि नबढ्ने गरेको देखाएको छ । किन योृ पढ्ने उमेरमा यी बालबालिकाहरु पढाईमा रुची राख्दैनन् भनेर प्रश्न गर्दा यसका विभिन्न कारणहरु देखा परेका छन् । हरेक घरमा आ-आफ्नै घरायसी समस्या हुन्छ । जसको फलस्वरुप विभिन्न कुराहरुको मूल्य चुकाउनुपर्छ । यहाँ यस्ता समस्याका कारण स्कुल जाने बालबालिकाहरुले पढ्न नपाएर मूल्य चुकाइराख्नु परेको छ । जसको कारण उनीहरु शिक्षाको ज्योतीबाट टाढा अन्धकारमा धकेलीरहेका छन् । बिद्यालय गएपनि थुप्रै कारणहरुबाट उच्च शिक्षाको लागि आफ्नो अध्ययनलाई अगाडी बढाउन नपाएका बालबालिकाहरु धेरै छन् । ती कारणहरुलाई हेर्दा आर्थिक अवस्था कमजोर, अध्ययनको महत्व बुझ्न नसक्नु, पढाई खर्च धान्न नसक्नु, पैसा कमाउने इच्छा बढ्दै जानु आदि कारणहरु रहेको देख्न सकिन्छ ।

घरायसी खर्चका कारण कतिपय अवस्थामा शिक्षालाई असर हुने गरेको पनि पाइन्छ । सामान्यतया यस्तो किसिमको समस्या निम्न आय भएका परिवारमा देखा पर्छ । जसको कारण छोराछोरीको राम्रो स्याहारसुसार पढाईलाई ध्यानमा राख्न सकिँदैन । खान, शरीर ढाक्न र टाउको माथि छाना भए नै ठूलो कुरा हो भन्ने मान्यता राख्ने परिवारहरु थुप्रै छन् । यस्तो मान्यता राख्न उनीहरुलाई गरिबीकै कारणले बाध्य बनाएको हुन्छ ।

त्यस्तै कतिपय परिवारमा पढाइलाई पहिलो प्राथमिकतामा राखेर दुःखैले शिक्षालाई असर पार्न नदिई पनि गुजारा गरिरहेका हुन्छन् । अझ आर्थिक स्थिति राम्रो भएकाहरुलाई त अन्य घर खर्च टार्ने चक्करमा पढाईर्लाइ असर गर्छ भन्ने हुँदैन । उनिहरुसँग प्रशस्त आम्दानी अथवा अर्थको श्रोत हुन्छ जसले गर्दा आरामले बालबालिकाहरुको शिक्षाको भार उठाउन सक्छन् । उच्च शिक्षा हासिल गर्न नसकेका र माध्यमिक तह सम्ममात्र अध्ययन गरेका २७ घरपरिवारलाई त्यसको कारणबारे बुझ्दा उत्तरदाताहरुबाट निम्नानुसार तथ्याङ्क प्राप्त भएको छ :

तालिका नं १३ उच्च शिक्षा लिन नसक्ने कारणहरु :

| कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|
| नाजुक आर्थिक अवस्था | १६ | ५९.२५ % |
| पारिवारिक कारण | ३ | ११.११ % |
| आय प्रतिको मोह | ५ | १८.५१ % |
| उमेरको प्रभाव | ३ | ११.११ % |
| जम्मा | २७ | १०० % |

स्रोत : क्षेत्र सर्वेक्षण, २०२१

उक्त तालिका अनुसार नाजुक आर्थिक अवस्था भएर ५९.२५%ले उच्च शिक्षा लिन नसकेको देखिन्छ, भने पारिवारिक कारणले ११.११% उच्च शिक्षाबाट बञ्चित रहेका छन् । त्यसैगरी आय प्रतिको मोहले गर्दा १८.५१ % र उमेर धेरै भएर जान अप्ठयारो हुन्छ भन्ने पनि ११.११ % परिवार रहेका छन् । जसले गर्दा उनीहरु माध्यमिक तहसम्मको शिक्षा आर्जन गरी आफ्नो अध्ययनलाई पुर्णविराम लगाएर वसेका छन् । जसका केहि मुलभूत र साझा कारणहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- छोराछोरी धेरै भएका कारण पढाउन, कापीकिताब किन्न, आर्थिक अवस्था नाजुक भएर,
- वर्षौनी छोराछोरी जन्मेका र ठूला दाजु/दिदीले आफ्ना भाईबहिनी हेर्नुपर्ने साथै सबैजनाको शैक्षिक भार उठाउन सक्ने आर्थिक क्षमता नभएका कारण,
- बाबुआमा काम गर्न नसक्ने, भाईबहिनी साना भएका कारण आफूले कमाउनुपर्ने अवस्था सृजना भएका कारण,
- पढ्न भन्दा काम गरेर पैसा कमाउनतिर लगाव देखाएको कारण,
- उमेर बढी भएका कारण बुढेसकालमा पढ्न के जानु भन्ने मानसिकताका कारण । आदि

**४.१४ अतिरिक्त क्रियाकलापमा सन्थाल बालबालिकाको अवस्था :**

अतिरिक्त कृयाकलापले विद्यार्थीको शारीरिक साथै मानसिक स्वास्थ्यको पनि विकास हुँदै जान्छ । अतिरिक्त कृयाकलाप भन्नाले बिद्यार्थीलाई बिद्यालयमा शिक्षकशिक्षिकाले दिएको किताबी ज्ञान भन्दा बाहिरी ज्ञानको लागि गराउने विभिन्न कृयाकलाप हो । जस्तै : चित्रकला, हस्तकला, नृत्य, खेलकुद, मनोरञ्जन, सरसफाई आदि कुराहरु पर्दछन् । जसले गर्दा किताबी ज्ञानभन्दा बाहिरको ज्ञान समेटिन्छ । भिन्न ठाउँ घुम्ने, त्यहाँ भएका नयाँ कुरा टिपोट गर्ने जस्ता बानीले विद्यार्थीको स्मरण शक्तिमा पनि वृद्धि हुन मद्दत गर्छ । यसरी

विभिन्न ठाउँका विभिन्न विद्यालयले अतिरिक्त कार्यक्रमहरु गराइरहेका हुन्छन् । यस्ता कार्यक्रममा मेरो अध्ययनको विषय सन्थाल जातिको अध्ययन भित्र यस समुदायका केटाकेटीले यस्ता कार्यक्रममा भाग लिन्छन् या लिदैनन् भनेर खोजिएको थियो । त्यस खोजमा प्राप्त भएको जानकारीलाई यस अध्ययनमा प्रस्तुत गरिएको छ । विद्यालयमा भर्ना भएका बालबालिकाहरुलाई विद्यालयले गराउने विभिन्न अतिरिक्त कक्षामा भर्ना गराउने वा नगराउने प्रश्नमा प्रायः परिवारले समावेश गराउने कुरा जानकारी पाइएको छ । प्रायः स्कुलले आफ्नै खर्चमा अतिरिक्त कृयाकलाप गराई रहेको भए समावेश गराउने भन्ने जानकारी प्राप्त भएको छ ।

### ४.१४.१ अतिरीक्त कृयाकलापमा सहभागिता

विद्यालयमा विभिन्न प्रकृतिको अतिरिक्त कृयाकलापहरु हुने गर्दछन् जसको सहायताले विद्यार्थीको अन्य बौद्धिक, शारीरिक पक्षको विकास हुन्छ । विद्यार्थीलाई हरेक ज्ञानको जानकारी हुन जरुरी हुन्छ । जसको सहायताबाट उनीहरु हरेक क्षेत्रमा सकृय हुन्छन् । यस्ता कृयाकलापमा आफ्ना बालबच्चा सहभागी गराउन कतिपय अभिभावक सक्षम हुन्छन् भने कतिपय हुँदैनन । सक्षम अभिभावकले समावेश गराउन सक्छन् तर खर्च लाग्ने खालका कृयाकलापमा निम्न आयस्तर भएका अभिभावकले सक्दैनन् । नाचगानको कक्षा, चित्रकला, हस्तकला यस्ता विभिन्न अतिरिक्त कृयाकलापहरुमा खर्चको अभावले सहभागी हुन सक्दैनन् ।

अतिरीक्त कृयाकलापमा सहभागी नगराउने र गराउने सम्बन्धि एक/एक उत्तरदाताको भनाईलाई निम्नानुसार व्याख्या गरिएको छ :

समावेश नगराउने परिवारबाट पाएको उत्तर,

*" आफ्नो खर्चमा समावेश हुनुपर्छ भने अतिरिक्त कक्षामा समावेश हुन वा गराउन सकिँदैन । पढाउन नसक्ने अवस्थामा अन्य फजुल खर्च पुऱ्याउन त कहाँ सकिन्छ । कतिपय अवस्थामा घरको कामकाजले पनि समावेश गराउन सकिँदैन । घरमा धान काट्नु हुन्छ सबै खेतमा जान्छौँ, उसले खाना पकायो, भाईबहिनी हेऱ्यौ भने पनि काम सजिलो हुन्छ त्यसैले जान पाउँदैन । कहिलेकाँही स्कुल पढ्न नै नगएर घरमा काम गर्नुपर्ने हुन्छ ।"*

समावेश गराउने परिवारबाट पाएको उत्तर,

*"नयाँ कुराहरु सिक्न पाउँछ । किताबको ज्ञान बाहेक अन्य ज्ञान प्राप्त हुन्छ । अवलोकन गर्न कुनै ठाउँ लैजादा नयाँ ठाउँ देख्न पाउँछन् । सिक्न पाउँछन् , मनोरञ्जन गर्न पाउँछन् । नाच्न, गाउन, घुम्न, चित्र बनाउन सिक्छन् । नेतृत्व गर्ने बानीको विकास हुन्छ । भविष्यमा उनीहरुले यी सिकेका कुराहरु आफ्नो जीवन निर्वाह गर्नको लागि उपयोगमा पनि ल्याउन सक्छन् ।"*

### ४.१५ बिद्यालय भर्ना गरिएका बच्चाहरु विद्यालय जाने नजाने अवस्था

शिक्षा जुनसुकै व्यक्तिको लागि पनि एक महत्वपूर्ण बुटी हो । जसको प्राप्तीले मानिस अन्धकारबाट उज्यालो तर्फको यात्रा तय गर्न सक्छ । मानिसले आफ्नो जीवनको महत्वपूर्ण पाटो शिक्षालाई मानेको हुन्छ । यसको प्राप्तीले मानिस विद्वान, ज्ञानवान हुन्छ । एउटा उखान नै छ । "शिक्षा नभएको व्यक्ति

बाँनर जस्तै हुन्छ," अर्थात् जो मानिस अशिक्षित छ ऊ पशु बराबर हुन्छ । उसलाई थाहै हुँदैन कुन ठाउँमा कस्तो व्यवहार देखाउने, को सँग कसरी बोल्ने, मानिसले गर्ने हरेक कृयाकलापमा शिक्षा लुकेको हुन्छ । शिक्षाले मानिसको जीवन सार्थक बनाउन मद्दत गर्छ । शिक्षाको महत्व बुझेर यसलाई अंगाले जीवन साच्चै नै परवर्तन हुन्छ । आजको २१औँ शताब्दीमा हरेक देशको कुना कन्धरामा शिक्षा पुगिसकेको छ । माध्यम विभिन्न होलान् तर कुनै पनि पिछडिएका वर्ग, धनी गरिब बीच शिक्षाको समान वितरण होस् भन्ने उद्देश्यले शिक्षा हरेक कुनामा पुगेको छ । शिक्षालाई महत्व दिएर आत्मसाथ गर्दै लैजादा मानिसले जिवनमा ठूलो उपलब्धि हाँसिल गर्न सक्छ ।

यसै शिलशिलामा नेपालको विर्तामोड नगरपालिका गरामनिको एक स्थानमा गरेको सन्थाल जातिभित्रको अध्ययन अनुसनधनमा सो ठाउँका उत्तरदाताले शिक्षालाई कति महत्वपूर्ण मानेका छन् । विभिन्न कारण वस शिक्षा लिन नपाएका अभिभावकले आफ्ना छोराछोरीलाई कसरी शिक्षाको महत्व बुझाई रहेका छन् त भनेर गरिएको अध्ययन निम्न अनुसारको नतिजा प्राप्त भएको छ ।

तालिका नं. १४ विद्यार्थी विद्यालय जाने नजाने विवरण :

| विद्यालय जाने वा नजाने अवस्था | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| सधैँ जाने | १५ | ५०% |
| कहिलेकाही जाने | ६ | २०% |
| कहिलेकाही जाँदैनन् | ६ | २०% |
| जादैँनन् | ३ | १०% |
| जम्मा | ३० | १००% |

स्रोतः क्षेत्र सर्वेक्षण, २०२१

सन्थाल समुदायका ३० परिवारमा गरिएको अध्ययनमा सधैँ स्कुल जाने ५०% कहिलेकाही जाने २०% कहिलेकाही नजाने २०% जाँदै नजाने १०% रहेका छन् । यहाँ सबैभन्दा बढी प्रतिशतमा सधैँ स्कुल जाने देखिन्छन् भने सबैभन्दा कम प्रतिशतमा स्कुल जाँदैनजाने देखिन्छन् । कहिलेकाहीँ बिद्यालय जाने र कहिलेकाही बिद्यालय नजाने चाहिँ बराबरी प्रतिशतमा देखिएको छ । यसबाट के थाहा पाउन सकिन्छ भने ५०% बिद्यार्थी नियमित स्कुल जाने गर्दा रहेछन् । अहिले सरकारी बिद्यालयमा पहिलाभन्दा तुलनात्मक रुपमा नियम मापदण्ड राम्रो भएका कारण बिद्यालयबाट बिद्यार्थी खोज्दै घर आउने भएकाले बिद्यालय जाने बिद्यार्थीको संख्या धेरै देखिन्छ ।

कहिलेकाही जाने, कहिलेकाही नजाने र जाँदैनजाने उत्तर आउँदा यसको कारण खोज्ने क्रममा उत्तरदाताहरु बाट हामीले केही उत्तर पाएका छौँ । जुन उहाँहरुकै भाषाशैलिमा केहि अभिभावकहरुको भनाई प्रस्तुत छ ।

*“घरमा काम नभएको बेला स्कुल जान्छन् । स्कुल नपुगी बाटोमै खेल्ने बस्ने भनी छुट्टि हुने बेला घर आउने गर्दारहेछन् । पछि अभिभावक भेलामा गएर हाजिरी हेर्दा थाहा हुन्छ । हरेक बहाना बनाएर स्कुल जान मन नगर्ने र जवरजस्ती पठाउँदा कहिलेकाही जान्छन् ।”*

*“कहिलेकाही स्वयम् विरामी भएर, कहिले घरका सदस्य विरामी भएर, घरमा महत्वपूर्ण काम भएको बेला, पूजापाठ, विहे भएको बेला कहिलेकाही स्कुल छुट्छ नभए प्रायः जस्तो त स्कुल गएकै हुन्छन् । कहिले काम सकेर जाने भन्दाभन्दै ढिलो भएर जाँदैनन् ।”*

*“स्कुल जान मन नै गर्दैनन् । फकाएर पठाउँदा पनि हुँदैन । २/४ दिन त सर मेडम नै आउनुभयो स्कुलबाट तै पनि जान मानेन । अरुको घरमा काम गर्न बस्छु पैसा आउँछ स्कुल जान्न भनेपछि छोड्दियो ।”*

*“अर्काको घरमा काम गर्न राख्दीयो । त्या पनि पढ्दै काम गराउन राखेको स्कुल जान मान्दैन भन्छन् । आफैं घरमा राखेर पढाउन सकिँदैन ।”*

*“भर्ना त गरियो तर कपि किन्ने पैसा हुँदैन, भाइबहिनीलाई उसैले काम गरेर पढाउँछु भनेर स्कुल जान छोडेर काम गर्न थाल्यो । भर्ना गरेर पनि पढ्न पाएन ।”*

*“घरबाट स्कुल जाने भनेर गयो तर एक दिन पनि स्कुलमा हाजिरी हुन पुगेको छैन भन्ने सरले भन्नुहुन्छ । कहाँ जान्छ बुझ्दा कहिले साईकल बनाउने ठाउँमा, कहिले मिलमा जाने काम गर्ने पैसा लिने गर्दा रहेछन् ।”*

### **४.१६ बिद्यालयको संरचनाः**

आफ्ना बच्चाबच्ची पढ्ने विद्यालयको बारे जानकारी लिँदा निम्न जानकारी पाइएको छ । यहाँ पनि अभिभावकहरुकै शैलिमा उत्तर जस्ताको तेस्तै प्रस्तुतछ ।

“सरकारी बिद्यालय हो । इटाको गाह्रो लगाएको भुई ढलाई गरेको टिनको छानो लगाएको छ । फेन भुन्डाएको छ । चौरी छ बाहिर कम्पाउन्ड घेरेको छैन । बिद्यालय मा खाजा खाने ठाउँ छ । पानी खान धारा छ । सौचको लागि चर्पी अलिक पर छ । एउटा विल्डिङ्गमा दुई तला छ जहाँ अफिस छ र ठूलो कक्षा पढाई हुन्छ । शैक्षिक गुणस्तर पनि पहिलेको भन्दा राम्रो छ । अहिले अंग्रेजी किताबहरु पढाई हुन थालेको छ । सुविधायुक्त भएको छ । राम्रो अनुभव भएको सर मेडमहरु पढाउनुहुन्छ ।”

“निजी विद्यालय हो । ३ तले विल्डिङ्ग छ भुई ढलाई छ । चौरी स्कुल गाह्रोले घेरा लगाएको छ । चौरीमा ढलाई गरेको छ । पानी, धारा, शौचालय व्यवस्थित छ । अंग्रजी वातावरणमा पढाई हुन्छ । टाढाका विद्यार्थीलाई गाडीको व्यवस्था छ । स्कुल अवधिभरी बाहिर निस्किन पाउँदैनन् भित्रै खाजाको व्यवस्था छ । अनुभवी शिक्षकहरुले पढाउनुहुन्छ ।”

### **४.१७ बिद्यालय जाने वा नजाने अभिभावकको अवस्था :**

सामान्यतया आफ्ना छोराछोरीको शिक्षा,भविष्यको चिन्ता हरेक अभिभावकलाई हुन्छ । त्यसैले बिद्यालयमा गई उनिहरुको कक्षाकोठाको सकृयता, पढाई प्रतिको लगाब कस्तो छ भनि बुझ्न रुचि राख्नु

स्वभाविक हो । यसका कारण कतिपय अभिभावक बेलाबखत बिद्यालय जाने गर्छन् भने कतिपय अभिभावक कार्य ब्यस्तता वा अन्य कारण वश बिद्यालय जादैंनन् । बालबच्चाका पढाईबारे बुझ्न बिद्यालय जाने र नजाने अभिभावकहरुको प्रतिशत निम्न रुपमा प्रस्तुत गरिन्छ ।

तालिका नं. १५ अभिभावकको जिम्मेवारी विवरण :

| विद्यालय जाने वा नजाने अविभावक | घरसंख्या | प्रतिशत |
|---|---|---|
| विद्यालय जाने | १८ | ६० % |
| विद्यालय नजाने | १२ | ४० % |
| जम्मा | ३० | १०० % |

स्रोतः क्षेत्र सर्वेक्षण, २०२१

आफ्ना छोराछोरी कस्तो पढ्दैछन् भनेर बेलाबखत स्कुल जाने, बुझ्ने, स्कुलका कार्यक्रममा अभिभावक भेलामा विद्यालय गइराख्ने अभिभावकहरु र स्कुल नै नजाने अभिभावकहरु हुनुहुन्छ । विद्यालय गएर चासो लिने बुझ्ने अभिभावक ६०% पाइयो भने नजाने ४०% पाइयो ।

राम्रो पढ्दैछ मेहनत गराउनुपर्छ भन्नुहुन्छ सरहरुले । घरमा राम्रो पढ्ने वातावरण बनाइदिनुपर्छ ठिकै छ पढाई भन्ने खालको प्रतिक्रिया आउँछ । उनीहरुलाई पढ्नको लागि प्रोत्साहन गर्नुको लागि विभिन्न छात्रवृत्तिको व्यवस्था गरेको छ सरकारले । पढाई राम्रो हुँदा निजी विद्यालयमा पनि महिनाको फिस घटाइदिने कुरा भएको थियो । पढ्नेहरुलाई यस्तै प्रोत्साहन गरेर पढ्न लगाउनुपर्छ । सन्थाल समुदायका बालबच्चा धेरै अगाडि बढेको देखिदैन कोहीकोही कतै एकदुई जना सुन्नमा आउँछन् त्यसकारण पढाउनुपर्छ भन्ने खालको प्रतिकृया आउँछ ।

*केटाकेटी पढ्न मन गर्दैन गएर के गर्नु स्कुल जान मान्दैन,(हाँस्दै.....!) लाज पो हुन्छ स्कुल जान पनि । सरहरु घरमै आउँछु नानी लिनु नानी जानै मान्दैन घर बस्छु काम गर्छु पढ्दैन म भन्छ । केटाकेटी नै स्कुल नगएपछि हामी गएर के काम । जाँदैन म त कहिले पनि । जानुपरि हाल्यो भने दाजुदिदी जानुभन्छु । तिनेरुपनि जान्छ कि जाँदैन थाछैन । छोराछोरी पढ्न जान्ने हुँदा केहि जितेर ल्याउँदा पो जान पनि मन लाग्छ । फेल हुन्छ , पढ्न मन गर्दैन अनि के जानु स्कुल । जान्दीन म त ।*

**४.१८ घरायसी खर्चले गर्दा शिक्षामा असर गरेको वा नगरेको :**

सामान्यतया कम आम्दानी हुने परिवारमा बिभिन्न आर्थिक समस्याहरु झेल्नुपर्ने हुन्छ । जसले गर्दा कतिपय अत्यावश्यक बस्तुहरु उपभोग गर्न सकिंदैन । यस्तै बिभिन्न घरायसी खर्चका कारण बालबच्चाको शिक्षामा कतिको असर छ त भनेर बुझ्ने क्रममा तलको तालिका निर्माण गरी ब्याख्या गरिएको छ ।

तालिका नं. १६ घरायसी खर्चले शिक्षामा गर्ने असर :

| शिक्षामा पर्ने असर | संख्या | प्रतिशत |
|---|---|---|
| घरायसी खर्चल असर गर्ने | २४ | ८० % |
| घरायसी खर्चल असर नगर्ने | ६ | २० % |
| जम्मा | ३० | १०० % |

स्रोतः क्षेत्र सर्वेक्षण, २०२१

पढाईलाई नै असर गर्ने गरीको खर्च नहुने कुरा २०% परिवारका मार्निस बताउँछन् । उनीहरुको खर्च लगभग जुटाएर राम्रो सँग परिवार पाल्न सक्ने बताउँछन् । शिक्षामा लगानी गर्दा खेर नजने भएकाले शिक्षामा भरसक आफ्ना बालबच्चालाई प्रेरित गर्नुपर्छ भन्ने कुरा २०% अभिभावकको रहेको छ ।

८०% परिवारहरु दैनिकी घरको लागि खर्च खोज्नुपर्छ, सहज तरिकाले पुग्दैन भन्छन् । कुनै बेला बिरामी भएर काम गर्न नसक्दा छाक टार्न नै समस्या परेपछि उनीहरुलाई चाहिने किताबकापी किन्ने पैसाको अभाव हुँदा कतिपय अवस्थामा समस्या पर्न जाने बताउछन् ।

सन्थाल जातिको अध्ययन गर्ने क्रममा शिक्षालाई हेर्दा,

अभिभावकहरु भौतिक सुविधा सम्पन्न,उच्च गुणस्तरीय शिक्षा भएका बिद्यालयमा आफ्ना छोराछोरी पढाउन खोज्छन् । यस्ता सुविधा भएका विद्यालय निजी विद्यालयमा पाइन्छ । मनोरञ्जन, विभिन्न अतिरिक्त कृयाकलापहरु भएका बिद्यालय तिर अभिभावक अरु आकर्षित हुन्छन् । त्यसैले सबभर दुःख सुख यस्तै बिद्यालय पढाउन खोज्छन् । सरकारी विद्यालयमा तुलनात्मक रुपमा सो किसिमको सुविधा सम्पन्न हुँदैन । निम्न आय स्तर भएका अभिभावकहरु सरकारी विद्यालयमा आफ्ना बालबच्चा भर्ना गर्छन् । सरकारी बिद्यालयले भौतिक आकर्षण भन्दा शिक्षा तिर ध्यानाकर्षण गरेको हुन्छ । सरकारी विद्यालयले विना नाफा कमाउने उद्देश्य सम्पूर्ण देशवासीहरु साक्षर बनाउने लक्ष्य राखेको हुन्छ । यसरी हाम्रो समाजमा दुई प्रकृतिका शैक्षिक संस्थाहरु गठित छन् । हाम्रो अध्ययन भनेको सन्थाल जातिका बालबच्चा कस्तो प्रकृतिको विद्यालयमा अध्ययन गर्छन् त भन्ने थियो । यस किसिमको प्रश्नानुसार हामीले विभिन्न तथ्याङ्कहरु फेला पारेका छौं ।

यस समुदायमा आय कम भएका मानिसहरु भएका कारण त्यति शिक्षालाई महत्व दिएको देखिँदैन । तुलनात्मक रुपमा उच्च आय भएका अभिभावकले विभिन्न चुनौतीहरुको सामना गर्दै निजी विद्यालयमा आफ्ना छोराछोरी पढाइरहेका छन् । आय कम भएका अभिभावकहरुले सरकारी विद्यालयमा बच्चा भर्ना गरेको पाइन्छ । विद्यालय अभिभावकहरुले पठाएतापनि उनीहरु पैसा कमाउन तिर ध्यान गरेर स्कुलबाट भाग्ने, कुल्ली काम गर्ने जस्ता कृयाकलापमा भेटिन्छन् ।

पैसाको अभाव ज्यालाबाट प्राप्त रकम घर खर्चमा ठिक हुने भएकाले शिक्षामा लगानी गर्न कठिन हुने गरेको कुरा सन्थाल समुदायका अभिभावकहरुको रहेको छ । कमाउने बाटो हुँदा पढाईलाई निरन्तरता दिन

सकिन्छ । आफू पनि कमाउन नसक्ने हुँदा एकजनाको कमाईले सम्पुर्ण घरव्यवहार गर्नुपर्दा आयले शिक्षालाई प्रभाव पार्छ । किनभने आय नै नभएपछि पढाउन सकिँदैन आफ्नो आधारभूत आवश्यकता परिपूर्ति गर्न नै समस्या भएको अवस्थामा उनीहरुले पढ्न रुचाएपनि उच्च शिक्षा दिनको लागि हैसियत पुग्दैन भन्ने गरेका अभिभावकहरुको बिचार निम्न प्रस्तुत छ ।

*"पार्छ, मैले अलिअलि नकमाएको भए मेरा छोराछोरी पढ्नै पाउँदैनन र माथिको शिक्षा हासिल गर्न सक्दैनन् । कतिले पाउँछन् तर पढ्दिदैँनन् ।"*

*"काम पाउँदैन पाएको कामले घर खर्च गर्दै ठिक हुन्छ पढाईमा खर्च पुग्दैन ऋण खोज्नुपर्छ ।"*

*"आयले शिक्षालाई प्रभाव पार्दैन । पढ्ने इच्छा राख्दा मैले पढ्छु भन्दै आउनेलाई म पढाइदिन्छु । तर हाम्रो समुदायका नानीहरु पढेर उच्च शिक्षा हासिल गर्न कोही पुगेका छैनन् । राम्रो राम्रो ठाउँमा कोटा आउँछ तर त्यो स्तरमा पुग्न सक्ने हैसियत कसैले बनाएन । मात्ने जात भएका कारणले दिमागको खासै राम्रो विकास नभएको जस्तो लाग्छ मेरो विचारमा । मेरा छोराछोरीले पनि पढेनन् । हाम्रो जातमा मध्यपान धेरै गर्दछन् । गर्भवती महिलाले आफ्नो पेटमा बच्चा भएको बेला धेरै रक्सी खाने भएकाले यसरी धेरै पढ्न अथवा दिमाग लगाउने काम गर्न नसकेका हुन् कि? यसरी नै जाँड रक्सी खाने जस्ता कृयाकलाप गरेर पढाईमा ध्यान नदिने मेरो अनुमान छ ।*

# अध्याय ५

# साराशं र निष्कर्ष

## ५.१ सारांश :

विर्तामोड न.पा गरामनि ७ झापाको एउटा सन्थाल समुदाय भित्रको पनि केहि घरहरुलाई कार्य क्षेत्र छनोट गरी “सन्थाल जातिको शिक्षामा आर्थिक क्षेत्रको प्रभाव” भन्ने शिर्षक राखी उक्त अध्ययन अध्यापन गरिएको छ । यस अध्ययनले सन्थाल समुदायमा रहेका सदस्यहरुको शिक्षालाई उनीहरुको अन्य तत्वहरुले प्रभाव पारिरहेको छ या छैन भनेर हेरिएको छ । यस समुदायका बच्चा, बुढा, वयस्क कुनै पनि पुस्ताको शैक्षिक स्तर सवल देखिदैन । त्यसैले सम्बन्धित क्षेत्रमा गएर अनुसन्धान गरी मुख्य कारण पत्ता लगाउन यस अध्ययन गरिएको छ । सन्थाल समुदायको शिक्षालाई आर्थिक क्षेत्रले प्रभाव पार्छ या पार्दैन भन्ने कुरा यस अध्ययनबाट स्पष्ट सँग छर्लङ्ग देखाउन खोजिएको छ । सन्थाल जातिहरु एक समुह समुहमा बसोबास गर्दछन् । उनीहरुको बसोबास अन्य जातजातिका मानिसहरु सँगसँगै भएता पनि उनीहको समूह छुट्टै हुन्छ । यसरी बसोबास गर्दै आएका सन्थाल जातिहरु धेरै कुरा जस्तै : सामाजिक कृयाकलाप, राजनैतिक विषय, शिक्षा, स्वास्थ्य यस्ता विभिन्न पाटाहरुमा पछाडि परेका छन् भन्ने कुरा आँखाले देखिन्छ तर वास्तवमै उनीहश्र पछाडि नै हुन् त ? भन्ने कुरा थाहा पाउनको लागि सम्बन्धित क्षेत्रमा गएर गरेको अध्ययनबाट पत्ता लगाउन सकिन्छ । त्यसैले हामी उक्त क्षेत्रको अध्ययनमा लागेर सत्यतथ्य पत्ता जानकारीको हिस्सेदार हुन गरिएको अध्ययन हो । यस विभिन्न पाटा मध्ये शिक्षालाई मध्यनजर गरी हामीले यस अध्ययनमा शिक्षाको कारक तत्वको रुपमा आर्थिक क्षेत्रलाई लिएका छौ । सो अध्ययन ३० घरको नमुना छनोटबाट गरिएको छ । यहाँ प्रस्तुत हरेक जानकारी एक घरको एकजना व्यक्तिबाट लिएको हो ।

अध्ययनको क्रममा संकलन गरिएको तथ्याङ्कको अथवा जानकारीको छोटकरीमा समग्र स्वरुप यहाँ प्रस्तुत गरिन्छ । जसको माध्यमबाट छोटो रुपमा समग्र अध्ययन बुझ्न सकिन्छ ।

तथ्याङ्क संकलनको क्रममा हामीले १/२ महिना कार्य क्षेत्रमा रहि विभिन्न तथ्याङ्कहरु संकलन गरेका थियौं । जसको फलस्वरुप यस एक जानकारीमूलक लेख तयार भएको छ ।

- यसै क्रममा उत्तरदाताहरुको उमेर समूहलाई छुट्याउदा हामीले उत्तर ३० देखि ४० उमेर समूहमा व्यक्तिहरुबाट पाएका छौं । समग्र उमेर समूहको ५०% उत्तर यस समूह भित्रका व्यक्तिहरुबाट पाएका छौं । उत्तर दिने व्यक्तिहरु महिला र पुरुष बराबर रुपमा रहेका छन् ।
- प्राप्त जानकारी हामीले ८०% विवाहित र २०% अविवाहित उत्तरदाता हरुबाट पाएका हौं । अर्थात् यहाँ ३० परिवार मध्ये हामीलाई उत्तर दिने उत्तरदाता विवाहित २४ जना र अविवाहित ६ जना रहेको जानकारी गराइन्छ ।

-उत्तरदाताको शैक्षिक स्तर हेर्दा ७०% साक्षर र ३०% निरक्षर भेटिएका छन् । साक्षर भित्र अक्षर चिन्ने देखि लिएर +२, स्नातक सम्म पढेका उत्तरदातालाई राखिएको छ भने निरक्षरमा अक्षर नै नचिन्नेलाई राखिएको छ ।

-सन्थाल जातिले अपनाउने विभिन्न पेशााको बारेमा यहाँ उल्लेख गरिएको छ । जस्तै : कृषि, मजदुरी, वैदेशिक रोजगार, अन्य । उनीहरुले प्रायः सबैभन्दा धेरै गर्ने पेशाा कृषि तथ्याङ्कले देखाएको छ । अध्ययन गरिएको ३० घरको ५०% परिवारले कृषिमा आबद्ध भएर आफ्नो जीवन निर्वाह गरिरहेका छन् ।

- सम्पत्तिको क्षेत्र हेर्दा धेरैजसो अर्थात् ६०% परिवारको आफ्नो जमिन रहेको देखियो तर एकदमै थोरै मात्रामा उत्पादन गरेर खान मिल्ने जमिन होइन सानो घर बस्न पुग्ने जमिन रहेको अध्ययनबाट देखिएको छ ।

- सम्पत्ति विवरण हेर्दा जमिन भएका परिवार संख्या बढी भएता पनि उत्पादित अन्नले खान नपुग्नेको संख्या ८०% रहेको छ । यसको कारण थोरै जमिन भएकाले गर्दा हो । उनीहरु परिवारलाई चाहिने आम्दानी विभिन्न पेशा अपनाएर गर्दछन् ।

- परिवारमा सिमित रुपमा खानलाउन पुगेको अन्य मनोरञ्जन गर्न नपुगेको कुरा अध्ययनबाट प्राप्त भएको छ । कतिपय परिवार आवश्यक मध्ये पनि अतिआवश्यक कुरा छुट्याएर कार्य गरेको र कतिपय परिवारमा अत्यावश्यक कुरालाई बेवास्ता गरी आफ्नो मनखुशी गर्दै बसेको । जस्तै : माथि उल्लेखित पहिलो प्रकृतिको परिवारले शिक्षा र खाना दुवै आवश्यक छन् । त्यसमा शिक्षालाई प्राथमिकता दिएको र दोस्रो प्रकृतिको परिवारले मनोरञ्जन र स्वास्थ्यमा ध्यान दिनुपर्ने नदिएर मनोरञ्जनमा खर्च बढी गरेको पाइयो ।

- शिक्षालाई महत्व दिने यसको महत्वबारे बुझ्ने ३०% सामान्य हो, भए हुन्छ नभए ठिकै भन्ने ५०% महत्वै नदिने २०% मानिसहरु रहेका छन् ।

- पढेर काम छैन पढ्नु नपढ्नु एउटै हो भन्ने १६.६६% उत्तरदाताहरु पाइयो भने पढ्नुपर्छ, पढाईको इज्जत छुट्टै हुन्छ । अन्य समुदायको व्यक्तिसँग प्रतिस्पर्धा गर्न योग्य भएर निस्किन पाइन्छ भन्ने उत्तरदाता ७६.६६% पाइयो । र दुवै उस्तै हो ठूलो ठाउँमा पुग्न सकिँदैन सरकारले पनि त्यति नजरमा राखेको छैन भन्ने ७.७७% उत्तरदाताको भनाई रहेको यहाँ छोटकरीमा प्रस्तुत गरिएको छ ।

- विवाहमा वर/वधु खोज्दा आफ्नै जाति भित्रको घरधन्दा सम्हाल्न सक्ने खोज्छन् । र दाईको मृत्यु भएर घरमा विधवा भाउजु छिन् भने देवर भाउजुको विवाह हुने चलन पनि यस जातिमा छ ।

- शिक्षालाई सकारात्मक दृष्टिकोणबाट हेर्दछन् । सरकारले पढाइ दिएको छ । सरकारी शिक्षा पछि आफूले पढाउन नसक्ने बताउँछन् ।

- शिक्षाले मानिसलाई सक्षम बनाउँछ भन्ने कुरामा उनीहरु विश्वास राख्दछन् । विश्वको जुनसुकै कुनामा गएपनि पढेको मानिसले गरेर खाने आँट राख्छ भन्ने मान्यता राख्दछन् ।

- कुनैपनि एउटा कार्य शिक्षित र अशिक्षित व्यक्तिले गर्दैछ भने सफल या धेरै राम्रो कम शिक्षित व्यक्तिको हुने निष्कर्ष रहेको छ ।

- सन्थाल जातिका बालबच्चा विद्यालय भर्ना भएका ९०% र भर्ना नभएका १०% रहेका छन् ।

- भर्ना भएका बालबालिका कस्ता प्रकृतिका विद्यालयमा भर्ना भएका छन् त भन्दा उनीहरु १०% निजी विद्यालय र ९०% सरकारी विद्यालयमा भर्ना भई अध्ययन गरिरहेका छन् ।

- भर्ना नभएका १० प्रतिशत बालबालिका विभिन्न घरायसी समस्याका कारण बाबुआमाले बिद्यालय पठाउन नसकेको, जस्तै एक कारण; आमाबाबु रोगी, भाईबहिनी साना भएका कारण पढ्न नपाएका बालबच्चा छन् ।

- अभिभावकले आफ्ना छोराछोरी पढाउन निजी र सरकारी विद्यालय भर्ना गरेका छन् । निजी विद्यालयमा पढाईसँगै भौतिक सुविधा रहेको छ भने सरकारी विद्यालयमा कम लागत अथवा लागत विना नै छोराछोरीको शिक्षालाई मात्रै ध्यान दिएर आफ्नो हैसियत अनुसारको शिक्षा आफ्ना बालबच्चालाई प्रदान गरेका छन् ।

- विद्यालयले खर्च गरेर गराएको अतिरिक्त कृयाकलापमा सहभागी गराउने निम्न आय भएका अभिभावकहरुको भनाई रहेको छ । छोराछोरीले सिक्ने मौका पाउँछन् भन्ने केहि अभिभावकको भनाई छ ।

- विद्यालय भर्ना गरेका ५०% बच्चाहरु सधैं विद्यालय जाने, २०% बच्चाहरु कहिलेकाहिँ जाने, २०% बच्चाहरु कहिलेकाहिँ नजाने र स्कुल नै नजाने बच्चाहरु १०% रहेका छन् ।

- किन 'ख' 'ग' र 'घ' उत्तर आयो । यसको कारण निम्न रहेको छ ।

'ख' | घरको पारिवारिक समस्या,

घरबाट स्कुल जान भनेर हिँड्ने बाटोमै खेल्ने, स्कुल नपुग्ने भएर ।

'ग' | आफैँ वा घरका सदस्य बिरामी भएका कारणले जाँदैनन् ।

'घ' | स्कुल भर्ना गर्दियो तर पढ्न मन नगरेर, काम गर्ने, पैसा कमाउने बाटो तर्फ प्रेरित भएर ।

- पक्काको कतै छत ढलाई कतै टिनको छानो, खानेपानी, शौचालयको राम्रो व्यवस्था भएको, स्कुलमा खाजा खाने क्यान्टिनको पनि व्यवस्था रहेको जानकारी प्राप्त भएको छ ।

- शैक्षिक गुणस्तर पनि राम्रो, सरकारी विद्यालयमा पनि अंग्रेजी माध्यमबाट अध्ययन शुरु भएको जानकारी अभिभावकहरुले दिएका छन् ।

- आफ्ना बालबच्चाको पढाईबारे बुझ्न बिद्यालय जाने अभिभावक ६०% र नजाने अभिभावक ४०% रहेका छन् ।

-यहाँ दुई प्रकारको उत्तर छ,

क) आफ्ना छोराछोरीको पढाई बुझ्न जाने अभिभावकलाई बिद्यालयबाट घरमा पढ्ने वातावरण बनाई दिनुपर्छ भन्ने किसिमको सरसल्लाह प्रदान गर्नुहुन्छ ।

ख) छोराछोरी नै विद्यालय कहिलेकाहिँ जाने वा जाँदै नजाने, नपढ्ने भएका कारण अभिभावक बिद्यालय नै नजाने ।

- घरायसी खर्चले छोराछोरीको शिक्षामा असर गरेको ८०% र नगरेको २०% परिवारहरु रहेका छन् ।

- आम्दानी कम हुने, कापी, कलम किन्ने पैसा नजुट्ने खालका समस्याहरु देखापर्दछन् ।

- कम आम्दानी भएका कारण चाहेजति र चाहे जस्तो शिक्षादिक्षा प्रदान गर्न सकिँदैन । किनभने आधारभूत शिक्षा सरकारले दिएको हुन्छ तर त्यो भन्दा माथिको शिक्षा आफैँले लिनुपर्ने हुन्छ । जुन हामीसँग सम्भव छैन । काम पाइँदैन पाएको कामले घरव्यवहार मै ठिक्क हुन्छ ।

आयले शिक्षालाई प्रभाव पार्ने नपार्ने भन्दा पनि पढाईमा लगाव भए छात्रवृत्तिले पनि पढ्न सक्छन् भन्ने भनाई सन्थाल समुदायका १०% व्यक्तिहरुको रहेको छ । तर समग्र रुपमा हेर्दा छात्रवृत्तिमै शिक्षा लाई अघि बढाएतापनि उच्च प्रतिशप्रधाको जमनामा उचाइ सम्म पुग्ने क्षमता बृद्धि गरामनी ९ का अध्ययनमा समेटिएका घरपरिवारका विद्यार्थीहरुको भेटिएको छैन ।

यस अध्ययनको समष्टिगत स्वरुप हेर्दा शिक्षालाई आर्थिक क्षेत्रबाट प्रभाव पर्न गएको देखिन्छ किनभने यस समुदायको उक्त अध्ययन क्षेत्र भित्रका कुनै पनि एक व्यक्ति उच्च शिक्षा हासिल गर्न सफल देखिँदैन । अति नै पिछडिएका यस सन्थाल जाति प्रति सरकारको पनि ध्यानाकर्षण हुन जरुरी देखिन्छ । किनभने यस अध्ययन क्षेत्र बाहिर हेर्दा पनि यस समुदायका मानिसहरु स्नातक तहसम्म पुगेका त्यो पनि विरलै मात्रामा र स्नातकोत्तर शिक्षा हासिल गर्ने त २/४ वर्षमा एकजना निस्किन पनि कठिन नै परेको देखिन्छ । उच्च शिक्षा हासिल गर्न व्यक्तिहरु एकदमै कम रहेको यस समुदायको शिक्षा प्राप्त सरकारले गम्भीर रुपमा ध्यान आकर्षण गर्नुपर्ने अवस्था रहेको छ ।

**५.२ निश्कर्ष :**

सन्थाल जातिको वर्तमान शैक्षिक अवस्थाको बारेमा अध्ययन गर्ने क्रममा यसलाई प्रभाव पार्ने विभिन्न कारक तत्वहरु जस्तै : सामाजिक, राजनैतिक, आर्थिक आदि मध्ये प्रमुख कारक तत्व आर्थिक क्षेत्रको प्रभावलाई विशेष जोड दिई अध्ययन गरेका थियौ । यसरी अध्ययन गर्दा विभिन्न निचोडहरु निस्किएका छन् । जसलाई अगाडि सविस्तार प्रस्तुत गरिएको छ ।

सन्थाल जातिलाई त्यसैपनि पिछडिएको समुदायका रुपमा चिनिन्छ । नेपालको झापा र मोरङ आसपास मात्र बसोबास भएको यो समुदायको शिक्षा एकदमै कमजोर रहेको छ । शिक्षामा प्रभाव पार्ने मुख्य कारक तत्वको रुपमा हामीले अर्थलाई व्याख्या गरेका छौँ । किनभने आर्थिक क्षेत्रले सन्थाल जातिको शैक्षिक अवस्थामा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ ।

सन्थाल जातिको आर्थिक अवस्था कमजोर हुनुको धेरै कारणहरु मध्ये एक शिक्षाको अभाव पनि हो । जुन व्यक्ति शिक्षामा अगाडि छ उसले परिवारको जीवन सहजरुपमा निर्वाह गरिरहेको छ । अध्ययनको क्षेत्रभित्र पनि शिक्षा भएका परिवार र अशिक्षित परिवार बीचको आम्दानी, जीवनशैली फरक रहेको पाउन सकिन्छ । यसरी आम्दानी कम हुनुमा शिक्षाको भूमिका छ भने शिक्षा नहुनु अर्थात् यस समुदायका मानिसहरु अशिक्षित हुनु, अथवा चाहिए जति पढ्न नसक्नुमा आय वा आर्थिक क्षेत्रको पनि प्रत्यक्ष सम्बन्ध रहेको छ । तथ्याङ्क विश्लेषणको क्रममा हामी देख्न सक्छौँ कि मध्यम आयस्तर भएका परिवारका केटाकेटीले पढ्न स्कुल जाने गरेको र एकदमै न्यून आय भएका परिवारका केटाकेटीले कमाउन, काम गर्न जानुपरेको तथ्याङ्कबाट स्पष्ट हुन सकिन्छ । यस सन्थाल समुदायका मानिसहरुले सरल र सहज जीवनयापन गर्न नपाएकै कारण उनीहरुको मानसिकता शिक्षा र शिक्षाको महत्वलाई बुझ्ने तर्फ केन्द्रित नभएको देखिन्छ । महत्वका बारेमा सोच्ने समय नै पुगेको छैन । जसको मुख्य कारक तत्व आर्थिक क्षेत्र रहेको छ ।

समग्रमा हेर्दा सन्थाल समुदायका व्यक्ति/परिवारको शिक्षाको स्थितिलाई उनीहरुको आर्थिक क्षेत्रले प्रत्यक्ष रुपमा प्रभाव पारेको देखिन्छ । जसले गर्दा यिनीहरु बिचको सम्बन्ध स्पष्ट रुपमा देख्न सकिन्छ । किनभने सन्थाल समुदायको आय धेरै हुँदा शिक्षाको स्तर पनि राम्रो भएको र आय/आर्थिक अवस्था कमजोर हुँदा शैक्षिक स्तर पनि कम भएको देखिएको छ । तथापि सरकारले निःशुल्क SLC सम्म शिक्षा दिएर निम्न आय स्तर भएका परिवारका बालबालिकाले पनि पढ्ने सुविधा उपलब्ध गराएको छ । आफ्नो हैसियत अनुसारले पढाउनुपर्ने भए यो शिक्षा पनि सम्भव नहुने देखिन्छ ।

आम्दानी राम्रो भएका परिवारको छोराछोरीले पढ्न पाएका र आम्दानीले बिहान बेलुकाको छाक टार्न गाह्रो हुने परिवारका छोराछोरीले गुणस्तरीय शिक्षा पाउन नसकेको यथार्थलाई यस अध्ययनले स्पष्ट पारेको छ । सन्थाल जातिसँग पर्याप्त मात्रामा शिक्षा नभएकाले उनीहरुले जस्तो काम भेट्यो त्यस्तै काम गर्न बाध्य हुन्छन् । जस्तै : मजदुरी, कुल्ली, ज्यामी, सरसफाई आदि । निश्चित काम नभएकाले कहिले काम पाउने अथवा कहिले काम नपाउने अवस्था सृजना हुन्छ । तसर्थ उनीहरु जस्तोसुकै काम गर्नुपनि बाध्य हुनुपरेको अवस्था देखिन्छ । जसको प्रमुख कारक तत्वको रुपमा उनीहरु सँग आवश्यक मात्रामा नभएको शिक्षालाई लिन सकिन्छ । जसले गर्दा उनीहरुको मासिक आम्दानी न्यून रहेको छ ।

# प्रश्नपत्र अनुसूची

## सन्थाल जातिको शिक्षामा आर्थिक क्षेत्रको प्रभाव

**प्रश्नावली**

क) सन्थाल जातिहरुको वर्तमान शैक्षिक अवस्थाका कारक तत्वहरु के-के हुन् ?

ख) सन्थाल जातिको आर्थिक अवस्थाले उनीहरुको शैक्षिक अवस्थालाई कसरी निर्धारण गरिरहेको छ ?

उत्तरदाताको नाम :

उमेर :

वैवाहिक स्थिति :

शैक्षिक स्तर :

धर्म :

पेशा :

पारिवारिक विवरण :

| क.स | सदस्यको नाम | घ.मू.को सम्बन्ध | लिङ्ग | वैवाहिक स्थिति | उमेर ( बर्ष) | शिक्षास्तर | पेशा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रश्नहरु

प्र.१) तपाईको वर्तमान पेशा के हो ?

प्र.२) आफ्नो जमिन छ कि छैन ?

क) छ ख) छैन

प्र.३) छ भने के कति छ ?

प्र.४) यदि छैन भने, कृषि क्षेत्रको उत्पादन कसरी गर्नुहुन्छ ?

प्र.५)आफुले उत्पादन गरेको अन्नले खान पुग्छ की पुग्दैन ?

क) पुग्छ ख) पुग्दैन

प्र.६) पुग्दैन भने कहिले सम्म चाहिँ पुग्छ ?

प्र.७) बाँकि समयको खाद्यान्न कहाँबाट परिपूर्ति गर्नुहुन्छ ?

प्र.८) मासिक आय कति छ ?

अ) १०००० भन्दा कम आ) १००००-२०००० इ) २००००-३०००० ई) ३०००० माथि

प्र.९) के-के मा खर्च गर्नुहुन्छ ?

प्र.१०) तपाईको मासिक आयले मासिक खर्च राम्ररी पुगेको छ ? वा छैन ?

क) छ ख) छैन

प्र.११) के-के मा पुगेको छ ? र के-के मा पुगेको छैन ?

प्र.१२) तपाईको संस्कृतिमा पढाईलाई कसरी बुझ्नुहुन्छ वा हेरिन्छ ?

प्र.१३) पढेको र नपढेका मान्छेहरुको क्रियाकलापहरुमा के फरक पाउनु हुन्छ ?

प्र.१४) विवाहका लागि दुलहा वा दुलहि खोज्दा तपाईको जातिमा के-के कुरालाई प्राथमिकता दिइन्छ ?

प्र.१५) तपाईको विचारमा शिक्षा के हो ?

प्र.१६) शिक्षाले जीवनमा कस्तो भूमीका खेल्छ ?

प्र.१७) शिक्षित र अशिक्षित मानिसले जीवनमा प्राप्त गर्ने उपलब्धिहरु फरक हुन्छन् की उस्तै लाग्छ ?

प्र.१८) विद्या आर्जन गर्नाले जीवनमा के के फाईदा हुन सक्दछन् ?

**आर्थिक अवस्थाले शैक्षिक क्षेत्रमा पारेको प्रभाव**

प्र.१९) छोराछोरीलाई विद्यालय भर्ना गर्नु भएको छ वा छैन ?

क) छ ख) छैन

प्र.२०) छ भने कुन विद्यालय भर्ना गर्नु भएको छ ?

क) सरकारी ख) नीजी

प्र.२१) छैन भने नगर्नुको कारण के होला ? छ भने कीन सो प्रकृतिको विद्यालय छान्नुभयो ?

प्र.२२) विद्यालय भर्ना गरिएका छोराछोरीहरुलाई अतिरित्त कक्षामा समावेश गराउनु हुन्छ वा हुन्न ?

क) गराउँछु ख) गराउँदिन

प्र.२३) गराउनु हुन्न भने किन ? गराउनु हुन्छ भने त्यसले बच्चाको शैक्षिक स्तरमा कस्तो परिवर्तन ल्याएको छ ?

प्र.२४) विद्यालय भर्ना गरिएका बच्चाहरु विद्यालय जाने वा नजाने अवस्था कस्तो छ ?

क) सधैँ जान्छन्

ख) कहिलेकाहिँ जान्छन्

ग) कहिलेकाहिँ जादैँनन्

घ) जादैँनन्

प्र.२५) “ख” “ग” “घ” उत्तर आएमा त्यसको कारण के हो ?

प्र.२६) तपाईको बच्चाले अध्ययन गर्ने विद्यालयको अवस्थाबारे केहि ( भौतिक र शैक्षिक गुणस्तर ) वताइदिनुहोस् ।

प्र.२७) छोराछोरीको पढाईबारे बुझ्न कहिलेकाँहि उनीहरुको विद्यालय जानुभएको छ ?

क) छ ख) छैन

प्र.२८) जाँदा कस्तो प्रतिक्रिया पाउनु भएको छ ? नजाँदा किन नजानु भएको ?

प्र.२९) तपाईंहरुको घरायसी खर्चले छोराछोरीको शिक्षामा असर गरेको छ वा छैन् ?

क) छ ख) छैन

प्र.३०) छ, भने कसरी ?

प्र.३१) आय स्तरले शिक्षालाई प्रभाव पार्छ वा पार्दैन ? तपाईलाई के लाग्छ ? कसरी ?

धन्यवाद !

# सन्दर्भ ग्रन्थसूची


केन्द्रिय तथ्याङ्क विभाग । २०६८ । राष्ट्रिय जनगणना , थापाथली, काठमाण्डौं ।

जनजाति खबर । २०७५ । जनजातिको परिभाषा के हो ?, २६ फाल्गुन, जनजाति खबर। Janjatikhabar.com

तामाङ्ग, योञ्जन,कु.।२०६०। *"नेपालमा को हुन् आदिबासी र जनजाति?"*। ०२।यलष्लिभपजबदबच।अफरद्दण्ज्ञघरण्ढज्ञद्दण्ज्ञटट।

सर्वोच्च अदालत न्यायमा पहुँच आयोग । २०७४ । *आदिवासी जनजातिको अधिकार एवम् उपचार सम्बन्धी पुस्तिका*"१०१.

Acharya,T.R. 2055 B.S. "*Nepal Ra Satar Bhasaka PadsangatikoTulanatmak Adhyayan*" (A master dissertation). T.U., Kirtipur, central department of Nepal.

Adhikari, M. 2010. *The extension of poverty on Dhimal Community: A case study of Keraun VDC of Morang,* An unpublished M. A. Dissertation in Economics, Central Department of Economics, T. U. Kirtipur, Nepal.

Aryal, J. P. 1994, *Poverty in Rural Nepal: A case study of Purna Jhanga Jholi VDC, Sindhuli,* An unpublished M. A. Dissertation in Economics, T. U., Kirtipur.

द्यबकपभ, प ज्ञढठड। *क्बगतबा व्बतए क्कबव इगच क्बलकपचष्त*९ष्ल ज्ष्लमष०। क्ष्ल ग्मबनिगचष क्बजष्तथब क्बदजब उबतचष्पब, घचम भ्मष्तष्यलस ग्उबमजबथब, मप ९भ्मा।०। ग्मबनिगचष्ररु :बलष्प क्जबच्कब।

द्यष्कतब, मद्य। ज्ञढठद्द। *एभयउभि या ल्भउबा*९क्भअयलम भमष्तष्यल०, प्बतक्रबलमगरु च्बतलब एगकतबप द्यजबलमबच।

द्यष्कतब, मद्य। द्दण्ण्ण। *एभयउभि या ल्भउबा* प्बतक्रबलमगरु च्बतलब एगकतबप द्यजबलमबच।

C.B.S. 1996. *Nepal Living Standard Survey Report, 1996* Vol. I, II, Kathmandu, Nepal.

Dahal, C. 1994. *Satar Jati Ra Tiniharuko Sanskritik Swarup* (in Nepali), An Unpublished study Reprot, Kathmandu: Royal Nepal Academy.

न्बलनधबच, क्ष द्दण्ज्ञठ। *क्तचगअतगचबा ।गलअतष्यलबष्किरु म्भाष्लष्तष्यल, त्जभयचष्भक बलम ॠचष्तष्अष्का। व्बष द्यजष।* क्यअष्बयिनथनचयगउ।अफ।

Gautam, G.R. 1990. *Socio-cultural Study of Satar Community in Bayarban VDC, Morang District Nepal* (A Master Dissertation) T.U., Kirtipur: Central Department of Sociology/Anthropology.

Lipton, M. 1998 *The Poor and The Poorest* , World Bank Staff working paper, Vo. 4, WB, Washington D.C.

Patel, S.P 2018. *The Santhal: socio-Economic Miserable Condition and Quality of Life (An Overview of Bantali Rakhasai Village Mayurbhanj District, Odisa)*, Central University Of Odisha, Koraput.

ShamsulHuq,M.1969-71.*Aducation Additional Information*. Foundation for Research on Educational Planning and Development. Pakistan.

Shivastar, M.K. 2017, *Study of Correlation Theory with Different views and methods among variables in mathematics.* International Journal of Mathematics and Statistics Invention, West Bengal, India.

क्जचभकतजब, ॊ।प ज्ञढढद्द, *क्षलअफभ म्ष्कतचष्दगतष्यल बलम उयखभचतथ क्षल च्ाचबा ब्चभबक या ल्भउबा,* गलउगदष्किजभम ः।ब म्ष्ककभचतबतष्यल ष्ल भ्अयलफष्अक, तग, प्च्तष्उगच।

Tripathi, G.R 2010.*Socio-Economic condition of Landless people in Nepal: A case study of Chitwan District*, An M.A. Dissertation T.U. Kirtipur.